# संघीय संसद
# राष्ट्रिय सभा
# सोह्रौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# ३१ भदौ २०८१
# सोमबार
# बैठक सङ्ख्या- ४०

राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१८ बजे प्रारम्भ भयो।

(१३:२१ बजे)<u>सम्माननीय अध्यक्षः</u>-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२१ बजे)<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, कैलाली जिल्लामा यसपटक बाढीले वितण्डा मच्चाएको छ। १६२ घरका ६३६ जनालाई सुरक्षित स्थानमा सारिएको छ। कोही हताहात भएको छैन। तर नदी कटानका कारणले धेरै जग्गा बालुवामा परिणत भएको छ। खासगरी धानवालीमा ठुलो क्षति भएको छ। नदी कटान भएको ठाउँमा तटबन्धको व्यवस्था र घर खेती नोक्सान भएकालाई राहतको व्यवस्था होस्।

सम्माननीय अध्यक्ष महोदय, एउटा कुरा नभनी म रहन सक्दैन। जिवी राईलाई ल्याइसक्यो, ल्याइसक्यो, ल्याइसक्यो, काठमाडौं ल्याइसक्यो भन्ने खवर मैले सुन्यो। News छ, रेडियो छ, टेलिभिजन छ भनेर जे जे कुरा पनि बोलिरहँदाखेरि पत्रकारिताको महत्त्व घट्छ कि। धन्यवाद। जय नेपाल।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य युवराज शर्मा।

(१३:२२ बजे)<u>माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, कांग्रेस एमाले माओवादी सबैले शस्त्र बोकी हिंसात्मक आन्दोलन गरेको कुरा स्थापित सत्य हो। TRC विधेयक दर्ता भइसकेको अवस्थामा हिंसा शब्दमा विवाद र प्रतिनिधि सभा अवरुद्ध हुनु के उचित हो? अध्यक्षमार्फत म सम्बन्धित दलसँग जवाफ चाहन्छु। यस्तै राष्ट्रिय गौरवको आयोजना भन्छौं तर समय दोब्बर, चौबर र लागत दशौं गुणा बढाएर सुरसाको मुख बनाइदिन्छौं। यहाँ त प्रगति हुने दुर्गति हो सम्माननीय अध्यक्षज्यूमार्फत सरकार सम्बन्धित सबैको ध्यान यसतर्फ आकृष्ट गराउन चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u> :-माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:२३ बजे)<u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, विशेषतः विकासको नाममा गरिने योजनाहरू बाटाघाटाहरू, पुलपुलेसाहरू, नदीनालाहरू बनाउने सन्दर्भमा उपभोक्ताहरूले मेहनत गरेर बिच्छ्याएका पाइपहरू काटिन्छन्, अनि त्यहाँका बिजुलीका तारहरू चुँडिन्छन्। तर त्यो काम गर्ने मान्छे जवाफदेही हुनुपर्दैन। यो कसको जवाफदेहिता हुने हो। जसले बिगार्‍यो यसको हुने हो कि जसले निर्माण गर्ने हो उसको हुने हो। यस्तो खालको जे गरे पनि हुने खालको स्थिति छ। यस्तो कुरामा सम्बन्धित मन्त्रालयको सरकारको ध्यान जाओस्। एकले अर्कालाई हस्तक्षेप नगरीकन खाने वातावरण मिलोस् भन्न चाहन्छु। धन्यवाद।

सम्माननीय अध्यक्ष :-माननीय सदस्य सुरेश कुमार आले मगर ।

(१३:२४ बजे)माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, हिंसा हिंसा सबै सबै हिंसाहरू गलत हुँदैनन्। निश्चित हो सबै हिंसाहरू सही पनि हुँदैन। तर सत्यको लागि न्यायको लागि गरिएको हिंसा त्यो जायज हुन्छ। असत्यको लागि गलत कुराको लागि गरिएको हिंसा चाहिँ त्यो गलत हुन्छ। राणा शासनका विरुद्ध नेपाली कांग्रेसले गरेको हिंसा जायज थियो। निर्दलीय व्यवस्थाका विरुद्ध गरिएको हिंसा बहुदलवादीले गरेको पनि जायज थियो। त्यतिबेलाको मालेले गरेको पनि हिंसा पनि हामी के भन्छौं भने त्यो जायज थियो। यद्यपि उहाँहरूले त्यो गलत थियो भनेर भन्नुभएको छ त्यो सत्यको लागि एउटा न्यायिकले गरिन्छ भने त्यो त्यस्तैगरी महान् जनयुद्धको सन्दर्भमा जुन हिंसा भएको थियो त्यो सही थियो त्यो चाहिँ न्यायको लागि गरेको हिंसा थियो। त्यसैले हिंसाको बारेमा निरपेक्ष होइन, सापेक्ष भएर सोच्नको लागि म सबैलाई अनुरोध गर्न चाहन्छु। यतिबेला हिंसाको विषयलाई लिएर अनावश्यक कुरा गरिएको हुनाले त्यसका विरुद्धमा हाम्रो प्रतिरोध हो। हाम्रो चाहिँ आपत्ति हो। धन्यवाद।

सम्माननीय अध्यक्ष :-माननीय सदस्य सोनाम गेल्जेन शेर्पा।

(१३:२५ बजे)माननीय श्री सोनाम गेल्जेन शेर्पा (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्षज्यू, सोलुखुम्बु जिल्लाको खुम्बु पासाङ ल्हामु गाउँपालिका वडा नं ५ थामे क्षेत्रमा भएको हिमपहिरोको कारण भएको क्षतिको सम्बन्धमा नेपाल सरकारको ध्यान पुगेको छैन। र र त्यस सम्बन्धमा नेपाल सरकारबाट राहत र क्षति राहत र त्यहाँको जनताहरूलाई दिनुपर्ने क्षतिपूर्तिको विषयमा चाहिँ सरकारको ध्यान जाओस् र म सम्माननीय अध्यक्षमार्फत पूर्ण स्थापनाको लागि र त्यहाँका पीडित परिवारहरूको लागि क्षतिपूर्तिको माँग गर्दछु। धन्यवाद।

(१३:२६ बजे)सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई "मुस्लिम

आयोगको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन" सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१३:२६ बजे)मानननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङः-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले मुस्लिम आयोगको आर्थिक वर्ष ७९/८० को वार्षिक प्रतिवेदन यस सम्माननित सभा समक्ष पेस गर्दछु। धन्यवाद।

(१३:२७ बजे)सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू, अब माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:२७ बजे)मानननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङः-सम्माननीय अध्यक्ष महोदय,अध्यक्ष महोदयको अनुमतिले "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु।धन्यवाद ।

(१३:२८ बजे)सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नुभएको "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ। यस क्रममा विधेयक उपर प्रतिनिधि सभाबाट भएको संशोधन र सोसँग सम्बन्धित आनुषंङ्गिक दफाहरूमाथि छलफल गर्न सकिने व्यहोरा जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आ-आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई २ मिनेटभित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु। माननीय सदस्य पदम बहादुर परियार।

(१३:२९ बजे)मानननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस):-सम्माननीय अध्यक्ष महोदय, संविधानमा नै सूचनाको हक तथा विचार र अभिव्यक्तिको स्वतन्त्रताको कुरा सुनिश्चित गरिएको छ।र खासगरीकन धेरै अगाडिदेखि नेपालमा रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता संस्थाहरूले नेपाली जनताहरूलाई सूचना आदानप्रदान गर्ने सन्दर्भमा ठुलो योगदान पुऱ्याइरहेको सन्दर्भमा दुईटा संस्थालाई गाभेर एउटा चाहि सार्वजनिक सेवा प्रसारण गर्ने उद्देश्यका साथ यो विधेयक आएको असाध्यै सान्दर्भिकदेखिएको छ। यस सन्दर्भमा प्रतिवेदन आएको छ प्रतिनिधि सभाबाट। म खास गरीकन दुई तीनवटा बुँदामा मेरो धारणा राख्न चाहन्छु। अलिकति यसको प्रतिवेदनमा चाहिँ १७औं, १८औ, १९ औं even २०औं शताब्दीमा रेडियोको कालजयी इतिहास छ सूचना आदानप्रदान गर्ने सन्दर्भमा तसर्थ यो विधेयकमा चाहिँ अलिकति रेडियोको भूमिकाको सन्दर्भमा अलिकति कम व्यवस्थाहरू भएको चाहिँ देखिएको छ। खासगरीकन यो के भन्छ यो समिति गठन गर्ने सन्दर्भमा चाहिँ समितिमा को को बस्ने भन्ने सन्दर्भमा यो प्रतिवेदनले स्पष्टसँग चाहिँ भनौ न दलित महिला आदिवासी जनजाति मधेसी लगायतको समुदायलाई किटान गरेर स्पष्ट पारेको असाध्यै राम्रो कुरादेखिएको छ। प्रतिवेदनको बुँदा नम्बर ६ विधेयकको ३ मा खण्ड छ भन्ने उल्लेख गरिएको छ। यो खण्ड "च" हो जस्तो लाग्छ विधेयकमा खण्ड "च", "छ" तसर्थ यो खण्ड छ भन्दा निच हुनुपर्छ जस्तो लाग्छ मलाई। यो प्रतिवेदनको पाँचौं बुँदामा सञ्चालक समिति भनेर भनेको छ। अन्त फेरि कार्यकारी समिति पनि भनेर भन्या छ। यसलाई अलिकति स्पष्ट पार्नुपर्ने हो कि जस्तो लाग्दछ र प्रतिवेदनको आठौं बुँदामा यो श्रोता तथा दर्शक समूह गठन सन्दर्भमा पनि यसलाई स्पष्ट पारिएको छ को को त्यो श्रोता समूहमा बस्ने भनेर पनि स्पष्ट पारिएको छ त्यो राम्रो छ। र प्रतिवेदनको दशौं बुदामा यो मन्त्रालयको सहमति लिई भन्ने बुँदा थपिएको छ। अब यसमा चाहिँ यो सहमति भन्दा पनि समन्वय गरी भन्ने भाषा राख्दाखेरि चाहिँ अझ सहज हुन्छ जस्तो लाग्छ। हवस धन्यवाद।

(१३:३१ बजे)सम्माननीय अध्यक्ष :-माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, अब माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई छलफलमा उठेका विषयहरूको सम्बन्धमा जवाफ दिन समय उपलब्ध गराउँछु।

(१३:३२ बजे)**मानननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**:-सम्माननीय अध्यक्षज्यू, सार्वजनिक सेवा प्रसारण विधेयक यो सम्बन्धित राष्ट्रिय सभामा पारित भएर प्रतिनिधिसभामा प्रस्तुत भई प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पनि लामो छलफल भयो त्यसबाट प्रतिवेदनसहित प्रतिनिधि सभामा पेस भएको र प्रतिनिधि सभाले पारित गरेको र उहिले फेरि राष्ट्रिय सभामा फर्केर आएको यो। त्यसकारणले यो विधेयकको बारेमा माननीयज्यूहरूले जे कुरा राखुभएको छ असाध्यै धेरै मननयोग्य विचार राखुभएको छ। र यो अन्तिम चाहिँ यो विधेयक पारित गर्ने चरणमा आइसकेको हुनाले यो प्रस्तावको पक्षमा सबै माननीय सदस्यज्यूहरूले मतदान गर्नुभइ यो प्रस्तावलाई पारित गरिदिनको लागि म आग्रह गर्न चाहन्छु। धन्यवाद।

(१३:३३ बजे)**सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनमाथि छलफल गरियोस्" भन्ने प्रस्ताव माथीको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:३४ बजे)**मानननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङ**:-सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधिसभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधिसभाबाट भएको संशोधनलाई सहमति गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१३:३४ बजे)**सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, अब माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नुभएको "प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले “हुन्छ” भन्नुहोस्।

- “हुन्छ” ।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले “हुन्न” भन्नुहोस्।

“हुन्न” भन्ने आवाज सुनिएन। तसर्थ “प्रतिनिधि सभाबाट संशोधन सहित फिर्ता आएको सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ का सम्बन्धमा प्रतिनिधि सभाबाट भएको संशोधनलाई सहमति गरियोस्” भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १८४ को उपनियम (१) बमोजिम सभामा १० दिन भन्दा बढी अनुपस्थित रहनुहुने देहाय बमोजिमका माननीय सदस्यको सूचना सोही नियमावलीको उपनियम (३) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्दछु।

| क्र.स. | सदस्यको नाम | कारण | अवधि |
|---|---|---|---|
| १. | मा. सदस्य जगत बहादुर पार्की | उपचारको लागि | २०८१/०२/०३ गतेदेखि २०८१/०४/२३ गतेसम्म २९ वटा बैठक। |
| २. | मा. सदस्य शेखर कुमार सिंह | उपचारको लागि | २०८१/०२/११ गतेदेखि २०८१/०३/१४ गतेसम्म १३ वटा बैठक। |

माननीय सदस्यहरू, अब उक्त सूचनालाई सभाको स्वीकृति जनाइदिनहुन अनुरोध गर्दछु। माननीय सदस्यहरू, माननीय सदस्यहरूको अनुपस्थिति सम्बन्धी सूचना सभाबाट स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु सोहौं अधिवेशन अन्त्यको सन्दर्भमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूको तर्फबाट आफ्नो मन्तव्य राख्नका लागि नाम प्राप्त भएको छ। अब म उहाँहरूलाई क्रमशः समय उपलब्ध गराउँछु। सर्वप्रथम, मा. सदस्य भगवती न्यौपाने ।

(१३:३७ बजे)<u>माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-सम्माननीय अध्यक्षज्यू, आजबाट राष्ट्रिय सभाको १६औं अधिवेशन अन्त्य हुँदैछ। हामीले १६औं अधिवेशनमा राष्ट्रिय सभाबाट गरेका केही महत्त्वपूर्ण कामहरू आज समीक्षा गर्ने दिन पनि हो। राष्ट्रिय सभामा १६ अधिवेशनमा केही विधेयकहरू दर्ता भए, चारवटा विधेयकहरू दर्ता भए र ती चारवटा विधेयकहरू विधायन व्यवस्थापन समितिमा विचाराधीन छन्। मिडिया काउन्सिल विधेयक, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, तिलगंगा नेत्र विश्वविद्यालय सम्बन्धी विधेयक र नेपाल कानुन व्यवसायी परिषद् सम्बन्धीको विधेयक चारवटा विधेयकहरू राष्ट्रिय सभामा दर्ता भएका थिए र ती विधेयकहरू समितिमा अहिले पनि विचाराधीन छन्। र त्यस्तै प्रतिनिधि सभाबाट सन्देश पठाइए प्रतिनिधि सभामा सन्देश सहित पठाइएका सातवटा विधेयकहरू छन्। ती सातवटा विधेयकहरू प्रतिनिधि सभामा छन्। हामी ले धेरैपटक सरकारको ध्यानाकर्षण पनि गराएका छौं। प्रतिनिधि सभामा हामीले जुन विधेयकहरू पारित गरेर पठाएका हुन्छौं म सम्माननीय अध्यक्षज्यूमार्फत माननीय मन्त्रीज्यू पनि यहीँ हुनुहुन्छ। म ध्यानाकर्षण गराउन चाहन्छु। राष्ट्रिय सभाबाट सन्देशसहित पठाइएका विधेयकहरूलाई महत्त्वका साथ त्यहाँ छलफल गर्ने र पारित गर्ने काममा जुन ढिलाइ हुने गरेको छ त्यसलाई चाहिँ मध्यनजर गरेर अब आउने दिनहरूमा हामीले पठाएका विधेयकहरूलाई महत्त्वका साथ हेरियोस् भन्ने म सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु। र त्यस्तै प्रमाणीकरण भएका विधेयक चाहिँ हाम्रो राष्ट्रिय सभामा उत्पत्ति भएका विधेयकहरू दुईवटा विधेयकहरू चाहिँ प्रमाणीकरण भयो। त्यस्तै प्रतिनिधि सभाबाट पारित भएर सन्देश सहित आएका विधेयकहरू तीनवटा विधेयकहरू राष्ट्रिय सभामा आयो त्यसैले हामीले गर्ने काम महत्त्वपूर्ण काम भनेको कानुन निर्माण गर्ने काम नै हो। हामीले विधेयकहरूको बारेमा अलि बढी मसिनो गरी ध्यान दिने कुरा नै हो। त्यसैले राष्ट्रिय सभाबाट हामीले विधेयकहरू लाई मसिनो गरी हेर्ने गरेकै छौं।

हामीले यो भन्दा अगाडि पनि सरकारसँग अनुरोध गरेका छौं। प्रतिनिधिसभामा धेरै विधेयकहरू दर्ता हुने र त्यहाँ चाहिँ धेरै विधेयकहरू बस्ने रहने हाम्रो राष्ट्रिय सभामा चाहिँ विधेयकहरू दर्ता नगर्ने त्यस्तो खालको अवस्था जुन विगतमा हुँदै आयो अहिले चाहिँ अलिकति सरकारले पनि करेक्सन गरेको हामीलाई महसुस भएको छ। अहिले अलि धेरै विधेयकहरू हाम्रो राष्ट्रिय सभामा पनि दर्ता गर्ने खालको स्थिति बनेको छ। म फेरि पनि अनुरोध गर्न चाहन्छु। सरकारलाई राष्ट्रिय सभामा विधेयकहरूको बारेमा हामी अलि धेरै घोत्लिने गर्दछौं। अलि धेरै सरोकारवालाहरूसँग पनि बसेर छलफल गर्ने गर्दछौं। त्यसकारणले गर्दाखेरि राष्ट्रिय सभामा

प्रतिनिधिसभामा धेरैभन्दा धेरै विधेयकहरू दर्ता गर्ने राष्ट्रिय सभामा अलि कम दर्ता गर्ने कुरालाई सरकारले करेक्सन गरेर राष्ट्रिय सभालाई पनि महत्त्व दिएर विधेयकहरू दर्ता गर्दाखेरि दर्ता गर्नुपर्छ भन्ने कुरामा मैले सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। त्यस्तै गरेर हामीले राष्ट्रिय सभामा चाहिँ केही जब हामीले नियमावली संशोधन गऱ्यौ केही नयाँ व्यवस्थाहरू हामीले राखेका छौं। नयाँ व्यवस्था अनुसार सरकारको मन्त्रीहरूसँग प्रधानमन्त्रीसँग मन्त्रीहरूसँग प्रश्नोत्तरगर्ने कार्यक्रमहरू पनि हामीले राख्यौ र त्यो प्रश्नोत्तर गर्ने कार्यक्रमहरू चाहिँ हामीले यहाँ सभामा जुन प्रश्नोत्तर पनि भयो मन्त्रीहरूलाई सरकारलाई जवाफदेही बनाउनका निम्ति प्रश्नोत्तर गर्ने कार्यक्रम पनि हामीले अगाडि बढाएका छौं। त्यो धेरै महत्त्वपूर्ण काम हो। त्यस्तै गरेर शून्य समय चाहिँ जनताका कतिपय सरोकारका विषयहरू थिए जनताका सवालका विषयहरू हामीले एकदमै दिनदिनै जस्तो उठाउन पर्ने विषयहरू पनि हुन्थो। त्यसैले शून्य समय निश्चित बार तोकेर चाहिँ त्यो व्यवस्था गरिएको थियो। अहिले हामीले त्यसलाई चाहिँ सुधारेर शून्य समय सभा चलेको दिनमा सधैं चाहिँ हामीले शून्य समयको व्यवस्था गरेका छौं। त्यसैले प्रादेशिक सरोकारको समय भनेर हामीले जुन संशोधनमा नियमावली संशोधनमै राखेका थियौ प्रादेशिक सरोकारको समय पनि हामीले आफ्ना प्रदेशमा चाहिँ भएका समस्याहरू, त्यस्तै नीतिगत कुराहरू यो संघीयतालाई बलियो बनाउनका निम्ति पनि संघीयतालाई प्रभावकारी बनाउनका निम्ति पनि आज जनताको स्तरबाट संघीयता प्रति जुन खालको भ्रम पार्न खोजिएको छ जुन खालको एउटा फ्रस्ट्रेसन जागिरहेको छ त्यसलाई चिर्नका निम्ति पनि हामीले आफ्नो प्रदेश भित्रको र प्रदेश र संघको संघीय सरकारको बीचमा समन्वय गर्नका निम्ति पनि त्यसलाई नीतिगत रूपमा सुधार गर्नका निम्ति पनि र संविधान अनुसार त्यसलाई कार्यान्वयन गर्नका निम्ति पनि हामीले प्रादेशिक सरोकारका समयहरू राख्दै आयौं, राख्यौं र ती प्रादेशिक सरोकारका विषयमा माननीयज्यूहरूले आफ्ना धारणाहरू राख्दै पनि आउनुभएको छ। हामी समय व्यवस्थापनको विषयमा आज हामीदेखिराखेका छौं, प्रतिनिधि सभा हामीबाट सिक्नुपर्ने। समय माननीयज्यूहरूले बोल्ने कुराहरूमा पनि हाम्रो एक सेकेन्ड भन्दा एक सेकेन्ड पनि बढी भएपछि माइक काटिने गर्छ। त्यसैले गर्दा यो समय व्यवस्थापन पनि हाम्रो सकारात्मक पक्ष छ। त्यस्तै गरेर हाम्रा केही सकारात्मक पक्षहरू छन् हामीले राष्ट्रिय सभाबाट धेरै महत्त्वपूर्ण केही निर्णय पनि हामीले गयौं। विगतदेखिको कुरा गर्ने हो भने धेरै महत्त्वपूर्ण निर्णयहरू हामीले गऱ्यौं। कतिपय प्रतिवेदनहरू पनि हामीले धेरै महत्त्वपूर्ण प्रतिवेदनहरू पारित गऱ्यौं जस्तै संघीयतालाई कार्यान्वयन गर्ने सन्दर्भमा प्रधानमन्त्रीकै उपस्थितिमा हामीले ती प्रतिवेदनहरू पारित गरेका छौं। त्यसैले म सरकारलाई अनुरोध गर्न चाहन्छु। राष्ट्रिय सभाबाट जे पारित गरियो हिजो पारित भएका

विषयहरूलाई महत्त्वका साथ सरकारले कार्यान्वयन गर्नका निम्ति ध्यान दिइयोस् भन्ने मैले ध्यानाकर्षण गराउन चाहन्छु।

हामीले कतिपय राष्ट्रिय चाहिँ सङ्कल्प प्रस्तावहरू पनि पेस गर्यौं। कति सार्वजनिक महत्त्वका प्रस्तावहरू पनि हामीले पेस गऱ्यौं। त्यस्तै रोड सेफ्टीको सार्वजनिक महत्त्वको प्रस्ताव, स्वास्थ्य सम्बन्धी सङ्कल्प प्रस्ताव, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी सङ्कल्प प्रस्ताव त्यस्तै आर्थिक सुधारका निम्ति सङ्कल्प प्रस्ताव लगायतका यस्ता सार्वजनिक महत्त्वको प्रस्ताव लगायतका धेरै प्रस्तावहरू पनि हामीले पारित गर्यौं। त्यस्तै संविधानअनुसार बन्न बाँकी भएका कानुनहरू चाहिँ बनाउनुपर्ने विषयमा पनि हामीले सङ्कल्प प्रस्तावहरू पारित गरेका छौं। यी विषयमा चाहिँ सरकारले अवश्य पनि ध्यान दिनेछ।र मैले कतिपय राष्ट्रिय सभामा भएका यी महत्त्वपूर्ण एजेन्डाहरू, महत्त्वपूर्ण छलफलहरू, महत्त्वपूर्ण विषयहरूलाई म के पनि अनुरोध गर्न चाहन्छु भने मिडियामा आउने मिडियाले एजेन्डालाई अलिकति हामी राष्ट्रिय सभालाई अलिकति ध्यान नदिएको, प्रचारमा कमी भएको कारणले राष्ट्रिय सभामा के क्रियाकलाप भइरहेको छ? त्यहाँ के विषयमा छलफल हुने गर्दछ? त्यहाँ कानुन बनाउने सन्दर्भमा कसरी छलफल गरिन्छ? विधेयकहरूमाथि कसरी छलफल गरिँदैछ? अरु एजेन्डाहरूमा कसरी छलफल भइरहेको छ? अरु दस्तावेजहरू कसरी पारित गरिएको छ। भन्ने विषयमा पनि अलि प्रचार कम भएको कारणले गर्दाखेरि हामी राष्ट्रिय सभा अलि ओझेलमा परेको जस्तो अनुभूति हामीलाई भइराखेको छ। म अनुरोध गर्न चाहन्छु। वास्तवमा मिडियाले ध्यान दिने भनेको यो एजेण्डालाई नै हो। कतिपय उत्तेजित भाषणहरूलाई बढी ध्यान दिएको पाइन्छ। कतिपय एकदमै चाहिँ व्यक्तिगत रूपमा हामीलाई कसैलाई एकदमै महत्त्व दिएर उचाल्ने कुरा त्यसलाई हामीले प्राथमिकतामा राखेका पनि छैनौं तर हाम्रो कुरा के हो भने एजेण्डालाई चाहिँ महत्त्व दिनुपर्दछ किनभने एजेण्डालाई महत्त्व दिँदा कतिपय सुधारका कामहरू गर्न सकिन्छ त्यसैले जनतामा पनि एउटा जागरण आउने खालको स्थिति बन्छ। मिडियाले हरेक परिवर्तनका हरेक घटनाक्रमहरूमा इतिहासका कालखण्डहरूमा भएका घटनाहरूमा मिडियाले जुन ढङ्गले भूमिका खेलेको छ, सकारात्मक भूमिका पनि खेलेको छ। त्यसैले गर्दाखेरि हामीले राष्ट्रिय सभाबाट भएका महत्त्वपूर्ण कामहरूलाई पनि बाहिर ल्याउँदाखेरि साँच्चै नै त्यसले एउटा प्रभाव पार्न सकिन्छ त्यसतर्फ पनि मैले ध्यान दिनका निम्ति अनुरोध गर्न चाहन्छु। त्यसैले त्यसैले हामी राष्ट्रिय सभामा कतिपय विषयहरूमा हामी छलफल गऱ्यौं। अहिले यो सरकार पनि बन्यो यही अधिवेशनमा नयाँ सरकार बन्यो, सरकारले केही कामहरू पनि अगाडि बढाएको छ त्यसैले गर्दाखेरि म सरकारलाई

चाहिँ शुभकामना पनि व्यक्त गर्न चाहन्छु। सरकारले जे अहिले आर्थिक शिथिलता जुन मुलुकमा थियो आर्थिक रूपमा एउटा निराशाको अवस्था थियो। त्यसलाई चिर्नका निम्ति सरकार सफल पनि भएको छ। कर्मचारीहरूको सन्दर्भमा कर्मचारीहरूलाई सेवा प्रवाह गर्ने कुरा कर्मचारीहरूले त्यसलाई चुस्त दुरुस्त गर्नुपर्छ भनेर जुन खालका कामहरू अगाडि बढाउन खोजिराखेको छ, कर्मचारीहरूलाई जुन निर्देशन दिइराखेको छ । त्यो सरकारको सकारात्मक काम भित्र पर्दछ र अहिले चाहिँ खासगरी युवाहरूलाई रोजगार दिने सन्दर्भमा, युवाहरूलाई रोजगार दिने सन्दर्भमा चाहिँ त्यो स्टार्ट अप बिजनेसलाई अगाडि बढाउने कुरामा सरकारले जसरी ध्यान दिइरहेको छ स्टार्ट अप बिजनेसलाई अगाडि बढाउने भनेर जुन निर्णय गरिराखेको छ त्यो सन्दर्भमा पनि म सरकारलाई चाहिँ एउटा सुझाव पनि दिन चाहन्छु। युवाहरू यो देशको महत्त्वपूर्ण जनशक्ति हो।

त्यसकारणले गर्दाखेरि युवाहरूलाई बेरोजगार बनाएर देश सफल हुन सक्दैन। त्यसैले मैले धेरैपटक भन्दै पनि आएको छु। युवाहरूलाई चाहिँ हामीले उनीहरूको सीपलाई पनि मध्यनजर गर्नुपर्दछ, सिपको विकास गर्नुपर्दछ। युवाहरूलाई लगानी गर्नभन्दा अगाडि युवाहरूको सिपको विकास गर्नुपर्दछ। अनि बल्ल युवाहरूलाई लगानी पनि गर्नुपर्दछ। त्यसैले जुन आज लाखौंको सङ्ख्यामा युवाहरू विदेश जाने गर्नुहुन्छ उहाँहरूलाई देशमा स्वरोजगारको अवस्था सिर्जना गर्नका निम्ति ध्यान दिनु पर्नेछ। यी कामहरूमा सरकार सफल होस् भन्ने म शुभकामना पनि व्यक्त गर्न चाहन्छु। आजै मात्रै मैले एउटा न्यूज पनि सुने पेट्रोलमा चार रुपैयाँ र डिजेलमा पाँच रुपैयाँ प्रति लिटर चाहिँ मूल्य घटाउने कुरा जे सरकारले निर्णय गरेको छ, त्यो पनि स्वागत योग्य छ। त्यसैले गर्दा अहिले चाडपर्वहरू सुरु हुन लागिराखेको छ यी चाड पर्वहरूमा हामीले चाहिँ सरकारलाई अनुरोध पनि गर्न चाहन्छौं। म सरकारलाई अनुरोध पनि गर्न चाहन्छु। यी चाड पर्वहरूमा जनताको लागि चाहिँ जनताका समस्याहरूलाई मध्यनजर गरेर यो महँगीलाई नियन्त्रण गर्नका निम्ति जरुरी छ। त्यसैले मैले सरकारको निर्णय पनि देखें। सर्वसुलभ पसल चलाउने अनि आफ्ना राज्यका संयन्त्र हरूलाई चाहिँ परिचालन गरेर कालाबजारीलाई नियन्त्रण गर्ने सरकारले जे निर्णय गरेको छ त्यसमा सफलता मिलोस्। त्यसैले जनताका जे समस्याहरू छन् ती समस्याहरूलाई हल गरेर जानुपर्दछ। त्यसमा सरकारको चाहिँ सफलता मिलोस्। त्यसैले यो राष्ट्रिय सभाको बैठकमा यो अधिवेशनमा जे काम सकारात्मक ढङ्गले हामी अगाडि बढायौ ती सकारात्मक ढङ्गले अगाडि बढाएका कामहरूलाई निरन्तरता दिन जरुरी छ भने जुन कामहरू गर्न बाँकी छ । ती बाँकी रहेका कामहरूलाई

सरकारलाई पनि हामी चाहिँ ध्यानाकर्षण गराउँछु । बाँकी रहेका कामहरूलाई सरकारले अगाडि बढाओस्।

त्यसैले म यी कुराहरू अनुरोध गर्दै आज हामी चाहिँ अन्तिम दिनमा छौं। धेरै नमिठा कुराहरू मलाई सम्झिन मन छैन। अहिले धेरै पटकसम्म यो जनयुद्ध हो कि होइन। जनयुद्ध हिंसा भन्ने विषयमा पनि धेरै बहस चलेको हामीले पायौं। म अनुरोध गरेर भन्न चाहन्छु हामीले संविधानले के चिन्छ त्यही कुरा चाहिँ हामीले बोल्ने हो। त्यही कुरा हामीले गर्ने हो। संविधानले जनयुद्ध भनेर पनि चिन्दैन। संविधानले चिनेको भनेको सशस्त्र द्वन्द्व हो। सशस्त्र द्वन्द्व नै भनेर हामीले भनौं। त्यसैले हामी आफ्ना पार्टीका कार्यक्रमहरूमा के भन्छौं। आफ्ना कार्यक्रमहरूमा, आफ्ना दस्तावेजहरूमा के लेख्छौं, त्यो अलग कुरा हो। तर हामीले चिनेको संविधान हो। संविधानमा सशस्त्र युद्ध भनेर भनिएको छ। त्यसैले हामीले त्यही कुरालाई संविधानले चिनेको शब्द नै प्रयोग गर्दाखेरि नै ठिक हुन्छ, उचित हुन्छ। त्यसमा हामी धेरै चाहिँ तातोपिरो गर्नुपर्ने, त्यसमा रस्साकस्सी गर्नुपर्ने, त्यसमा धेरै बहस गर्नुपर्ने त्यो जरुरी छ भन्ने मलाई लाग्दै लाग्दैन। अहिले हिंसा भन्ने शब्द धेरै पटक चाहिँ प्रयोग गरिराखेका छौं। मलाई त लाग्छ त्यो फिर्ता लिनुपर्‍यो भनेर भनिराख्दाखेरि त्यो हिंसा भन्ने शब्द हामीले धेरै पटक दर्ज गर्‍यौं, धेरै पटक। हिंसा फिर्ता लिनुपर्‍यो भन्दा पनि हिंसा दर्ज गरिराख्या छौं। त्यसैले गर्दाखेरि म अनुरोध गर्न चाहन्छु हामी संयमित भएर चलौं। यही बिचमा सरकार पनि बन्यो तर हाम्रो एउटा चाहिँ गलत संस्कृति के छ भने सरकारमा हुँदाखेरि सरकारमा हुँदा त्यही दिनसम्म पनि सहकार्य गर्दाका दिनसम्म सबै ठिक हुन्छ। सरकारमा जब सहकार्य गर्ने कुरा हुँदैन त्यसै दिनबाट हामी सबैलाई अरुलाई भ्रष्ट देख्ने गरेका छौं। अरुलाई खराब नै खराब देख्ने गर्छौं। आँफूलाई चाहिँ असल देख्ने गर्छौं। म त अहिले अनुरोध गर्न चाहन्छु।

आज यो सोह्रौं अधिवेशनको अन्त्यको दिन छ र म भन्न चाहन्छु, आज भ्रष्टाचार र सुशासनको बारेमा जे बहस भइराखेको छ। २०४६ साल भन्दा यताको सार्वजनिक पद धारणा गर्नुहुने सबैको चाहे प्रधानमन्त्री, मन्त्रीहरू, कर्मचारीहरू सबैको सम्पत्ति छानबिन होस्। त्यसैले गर्दाखेरि म यो आज अनुरोध पनि गर्न चाहन्छु। एउटा यस्तो खालको चाहिँ हाम्रो संस्कार छ। हामी अरु सबैलाई भ्रष्ट भन्छौं। आफू असल छौं भनेर भन्छौं। कतिपयले त आफू प्रश्न नै प्रश्नको चाङमा उभिएर जनताले गरेको प्रश्नहरूको आफ्ना कमजोरीको प्रश्नहरूको चाङमा उभिएर पनि अरुलाई खबरदारी गरिरहेको, अरुलाई प्रश्न उठाइरहेको, अरुलाई भ्रष्ट देखिरहेको, त्यस्तो पनि हामीले देख्ने गरेका छौं। तर वास्तवमा म सबैलाई अनुरोध गर्न चाहन्छु यो देशमा सुशासनको आवश्यक

छ। यो देशमा भ्रष्टाचार नियन्त्रण गर्ने कुरा आवश्यक छ। त्यसैले हामीले देख्दै गर्दाखेरि सबै कुरा देख्न सकौं। तैंले गरेको गल्ती मात्र होइन, मैले गरेको गल्ती पनि देख्न सकौं। सबैले गरेको गल्तीहरू पनि देख्न सकौं। र एक पटक समीक्षा गरौं। र जहाँ जहाँ कुशासन छ। त्यो कुशासनलाई सुधारौं।

हाम्रो देश यति धेरै सम्भावनाको देश छ। यति धेरै सुन्दर देश छ। यी सुन्दरतालाई हामीले उपयोग गर्न सक्छौं कि सक्दैनौं? म युवाहरूतिर पनि फर्केर अलिकति कुरा गर्न चाहन्छु। युवा साथीहरू तपाईंहरूको मस्तिष्क सकारात्मक कुराहरूमा खियाउनु पर्दछ। तपाईंहरू स्वरोजगारको अवसरहरू सिर्जना गर्नको निम्ति पनि सृजनशील ढङ्गले तपाईंहरूले सोच्नुहोस् । के के हुन सक्छन् आफ्ना जीवन बदल्ने, समाजको जीवन बदल्ने, देशको जीवन बदल्ने, देशलाई बदल्ने। के के गर्दाखेरि तपाईंहरू एउटा ऊर्जाशील व्यक्तित्वहरू हो उमेर भनेको एकपटक ..... भएपछि फर्केर आउँदैन। हामीले बाल्यकाल खोजेर अब पाउँदैन। मैले विगतमा गरेका गल्तीहरूलाई सबै विगतमा गरेका गल्ती अब पश्चताप गर्ने बाहेक केही हुन सक्दैन। मैले यो उदाहरण भनेको हुँ। उमेरमा उमेर समूह यूवाहरूको जे छ युवाहरूको उमेर समूहलाई सही ढङ्गले सदुपयोग गर्नु पर्दछ। देशको हितमा सदुपयोग गर्नु पर्दछ। हामी चाइनामा जाँदाखेरि चाइनामा त्यहाँ टेक्नोलोजिको कुरा उठ्यो। टेक्नोलोजिलाई कसरी? सबै युवाहरू टेक्नोलोजिसँग जोडिएको छ। त्यो समाजको हितमा, देशको हितमा टेक्नोलोजिलाई प्रयोग गरिराखेका छन्। हामीले भन्यौं सामाजिक सञ्जाल चल्दो रहेनछ। हामी communication बाट पनि बञ्चित भयौं। हामीले communication गर्न पाउँदैनौं? हाम्रो देशमा हामी चाहिँ अलिकति बेखबर जस्तो भयौं भनेर प्रश्न गर्दाखेरि हाम्रो देशको कानुनले दिँदैन भनेर उहाँहरूले भन्नुभयो। WeChat गर्न सक्नुहुन्छ तपाईंहरू भनेर भन्नुभयो। आज AI को जमाना छ। BI को जमाना छ। त्यसलाई ठिक ढङ्गले देशको हितमा प्रयोग गर्नको निम्ति पनि आज अन्तिम दिनमा आज यो सदनको सेसनको अन्तिम दिनमा म युवा साथीहरूलाई पनि हार्दिक अनुरोध गर्न चाहन्छु। सामाजिक सञ्जाललाई ठिक ढङ्गले प्रयोग गरौं। जो सामाजिक सञ्जालको प्रयोगकर्ताहरू हुनुहुन्छ। आज टिकटक भित्र छिरेर हेर्‍यौं भने कतिपय दृश्यहरू देख्नै नसक्ने दृश्यहरू हामीलेदेखिराख्नु परेको छ।

त्यसैले आज एक जना मान्छेले दिनमा पाँच सातवटा स्टाटसहरू लेखेर समय बर्बाद गर्ने त्यो स्टाटसपनि देशका निम्ति आफ्ना निम्ति कामलाग्ने भन्दा पनि कसको चरित्र हत्या गर्नु पर्ने छ। कसलाई गाली गर्नुपर्ने छ। त्यतातिर पनि अलिकति समय दुरुपयोग भएको हो कि? यो देशको

जनशक्ति त्यतातिर दुरुपयोग भयो भने वास्तवमा देश बन्दैन। यतातिर पनि म ध्यानाकर्षण मैले सरकार त भनी नै हाले युवाहरूलाई रोजगार दिने युवाहरूको सीप विकास गर्ने काममा सरकारले ध्यान दिनुपर्नेछ भने हामी युवा स्वयं हाम्रो पनि दायित्व छ। त्यसैले सबैको आफ्ना आफ्ना दायित्वलाई पूरा गऱ्यौं भने यो देश किन बन्दैन? त्यसैले हामीले पूर्वाग्रह राख्ने खालको सोच बनायौं भने पूर्वाग्रहले त देश कहीं पनि पुग्दै पुग्दैन। त्यसैले प्रश्न आफैंले पनि गरौं। कतिपय विगतका कुराहरूबाट मात्र हामीले विगतमा अल्मलिने होइन। हामी भूतमा मात्रै अल्मलिने होइन। भविष्य देख्न सक्नु पर्दछ। हामीले भविष्यका योजनाहरू बनाऔं। यो सरकारले पनि बनाउनु पर्दछ। हामी सबैले सांसदहरूले पनि हामी त्यसमा ध्यान दिनुपर्ने छ र सबैले त्यसमा ध्यान दिनुपर्ने छ। आज खासगरी विशेष समयमा अलि धेरै कुराहरू राखौंला भन्ने पनि थियो तर आज हामी चाहिँ यो सदनको अन्त्यको दिनमा छौं म चाडपर्वहरू सुरु हुन लागिरहेको छ। यी चाडपर्वहरूमा एउटा सकारात्मक सन्देश दिने गरी चाडपर्वहरूले हामीलाई एकताको सूत्रमा बाँध्न सकोस्। हामी आज एकताबद्ध भएर अगाडि बढौं। हाम्रो देश विविधताको देश हो। यो विविधतालाई एकतामा परिणत गरेर हामी अगाडि बढ्न सकौं। अब नजिकै आउन लागेको दशैं लगायतका सम्पूर्ण पर्वहरूको उपलक्ष्यमा म हार्दिक शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

प्रधानमन्त्रीज्यू, नेपाल सरकारका प्रधानमन्त्रीज्यू केही दिनमा नै संयुक्त राष्ट्र सङ्घको आयोजना UN General Assembly मा भाग लिन जाँदै हुनुहुन्छ New York मा। म प्रधानमन्त्रीज्यूलाई त्यो कार्यक्रममा सफलता मिलोस् म शुभकामना पनि व्यक्त गर्न चाहन्छु। देशको गरिमालाई अझ उचाइमा पुऱ्याउनका निम्ति सफल हुनुहोस् भन्ने शुभकामना व्यक्त गरेर आफ्नो भनाइ अन्त्य गर्दछु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य जग प्रसाद शर्मा।

(१३:५८ बजे)<u>माननीय श्री जग प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू, आज हामी सोह्रौं अधिवेशनको चालिसौं बैठकमा उपस्थित छौं। यो अधिवेशनको आज अन्त्य हुँदैछ। यो सोह्रौं अधिवेशनका चालिसवटा बैठकहरूमा भएका क्रियाकिलापहरूको यसका उपलब्धिहरू, यसका सीमाहरू र आगामी दिशा निर्धारण गर्ने उद्देश्यका साथ हामी छलफल गरिरहेका छौं। पहिलो कुरा यो सोह्रौं अधिवेशनमा ४० वटा

बैठकहरू भयो। हुँदैछन्। यसमा सर्सर्ती बुँदावाइज म के उल्लेख गर्न चाहन्छु भने राष्ट्रिय सभाले यो देशमा यो राष्ट्रमा एउटा राम्रो व्यवस्थापन गर्न सकेको हो देशलाई राष्ट्रलाई नजिर हुने गरी व्यवस्थापन गर्न सकेको। समय व्यवस्थापनको कुरा जे थियो त्यो एउटा राम्रो विरासतलाई कायम गर्न यो अधिवेशनमा पनि हामी सफल भएका छौं पहिलो कुरा।

दोस्रो कुरा TRC लगायत महत्त्वपूर्ण विधेयकहरू पारित भएका छन्। यो आफैंमा धेरै महत्त्वपूर्ण कुरा हो। तेस्रो कुरा राष्ट्रिय सभाले यो बीचमा नयाँ नियमावली बनाएर राष्ट्रिय सभाको कामकाज, क्रियाकलाप र गतिविधिलाई प्रभावकारी बनाउने उद्देश्यका साथ एउटा प्रभावकारी सरकारलाई राष्ट्रिय सभासँग जोड्ने अथवा सरकारलाई संसदप्रति उत्तरदायी बनाउने, जनप्रतिनिधिहरूलाई जनताप्रति उत्तरदायी बनाउने उद्देश्यका साथ पहिलो पटक मन्त्रीहरूसँग सिधा प्रश्नउत्तर गर्ने कार्यक्रम सुरुवात भएको छ। थालनी भएको छ, यो अधिवेशनमा। त्यस्तै यो राष्ट्रिय सभामा उठेका सवालहरू जो सरकारसँग सम्बन्धित छन्। सम्बन्धित निकाय र सरोकारवाला मन्त्रीहरू आएर जवाफ दिने एउटा प्रक्रियाको सुरुवात यो अधिवेशनमा भएको छ। यो आफैंमा राम्रो प्रक्रिया हो। त्यसको साथसाथै यो राष्ट्रिय सभामा निर्मित भएका चारवटा समितिहरू विषयगत चारवटा समितिहरूले आ-आफ्नो प्रतिवेदनहरू महत्त्वका साथ यहाँ पेस गरेका छन्। यो पनि एउटा महत्त्वपूर्ण उपलब्धि हो। त्यस्तै यो राष्ट्रिय सभामा बनेको नयाँ नियमावली जो हो त्यो नयाँ नियमावलीले शून्य समय र प्रादेशिक समय यो देशको सन्दर्भमा जुन एउटा संरचनामा सङ्घीयता बनेको छ। त्यो सङ्घीयताको मूल भाव र स्पिरिटलाई आत्मसात् गर्ने र यो सदनमा व्यक्त गर्ने उद्देश्यका साथ प्रादेशिक समयको जुन व्यवस्था गरेको थियो। त्यो त्यसको पनि एउटा सुरुवात भएको छ। त्यसको साथसाथै यो अधिवेशन यो सोह्रौं अधिवेशन सुरुदेखि अन्त्यसम्म विगतमा भन्दा अहिले सभ्य, शिष्ट ढङ्गले जस्तो चलेको छ। हामी देख्थ्यौं वल्लो घरको नरे पल्लो घर सरे भनेजस्तै उतापट्टिका केही समस्याहरू आएर यो सभा पनि अवरोध हुने। नारा जुलुस हुने प्रक्रिया विगतमा थियो। यो अधिवेशनमा त्यस्तो हुन पाएन। तसर्थ यस पालाका यो अधिवेशन सोह्रौं अधिवेशन सभ्य, शिष्ट ढङ्गले चल्यो। यो पनि आफैंमा महत्त्वपूर्ण उपलब्धि हो। म यसमा धेरै लामो जान चाहान्नँ कि उपलब्धिका हिसाबले बुँदावाइज रूपमा भन्दा म यही कुराहरू यहाँ राख्न चाहन्छु।

र खासगरी अलिकति यो बीचमा यो समय अवधिका सीमाहरू केलाउँदाखेरि यो बीचमा अलि अपारदर्शी ढङ्गले षडयन्त्रपूर्ण ढङ्गले सरकार बन्यो यही अधिवेशनकै बीचमा। जसरी बनेपनि त्यो सरकारको सफलताको शुभकामना एउटा प्रमुख प्रतिपक्ष दलको नाताले हामीले दियौं। र यो बीचमा

सरसर्ती आउँदा सुशासन, सामाजिक न्याय जो राष्ट्रका कार्यभारहरू हुन्। त्यो कार्यभारहरूबाट यो सरकार कतै बीचल्ली भएको अथवा बाटो बिराएको आभाष बुझ्न सकिन्छ, देख्न सकिन्छ, सहजै रूपमा। त्यसको साथसाथै सरकारले यो अधिवेशनमा अलि पर्याप्त बिजनेसहरू दिन सक्थ्यो विधेयकहरू, अगाडि बढाउन सक्थ्यो। त्यो पनि त्यति सकेन भन्ने म राख्न चाहन्छु। त्यसको साथसाथै यो राष्ट्रिय सभामा सुरुदेखिन खासगरी २०७२ मा संविधान जारी भए यता यही बनेका चारवटा समितिहरूमा एउटा सिस्टम थियो। एउटा सहमतीय सिस्टम थियो। त्यो सहमति सिस्टमलाई यो अधिवेशनको बीचमा भर्खरै आउँदाखेरि जस्तो सरकार पक्षबाट सत्ता पक्षबाट त्यो तोडिएको छ। सहमतिको एउटा प्रणाली सिस्टम तोडिएको छ। जब कि त्यो समिति अब समितिको अवधि झण्डै डेढ वर्ष पनि थिएन। यो बीचका तोड्नुपर्ने त्यति धेरै ठुलो आवश्यकता थियो जस्तो मलाई लाग्दैन। त्यसैले यो एउटा तोडेको पनि जस्तोदेखिन्छ।

त्यसको साथसाथै यो बीचमा यो बीचको समयमा केहीँ मतलब जस्तो विषयवस्तुहरू जो सदनभित्र अथवा सामाजिक सञ्जालभित्र अथवा बाहिर जे ढङ्गले नउठ्नुपद्थ्यो कतिपय विषयवस्तुहरू उठ्ने, अनावश्यक रूपमा उठाउने र तरङ्गित गर्ने काम पनि सरकार पक्षबाटै जस्तो भएका दुःखद् पूर्ण स्थितिहरू पनि जस्तो छन्। यो पाटो पक्षलाई जस्तो केलाउँदाखेरि। अर्को यो अधिवेशनकै बीचमा यो तीन चार महिनाकै बीचमा हेर्दा पाँच छ वटा विषयहरू सशक्त रूपमा अथवा प्रभावकारी ढङ्गले व्यक्त भए। प्रभावकारी भन्नाको अर्थ केन्द्रीय विषयका रूपमा जस्तो बहसमा आए। जस्तो एउटा स्वाभाविक रूपमा बजेटको कुरा एउटा भइहाल्यो आफ्नो ठाउँमा। त्यस्तै सत्ता समीकरणमा फेरबदलको विषय। त्यस्तै सहकारीको विषय। त्यस्तै बाढी, पहिरो, सडक दुर्घटना र हवाई दुर्घटनाका यो अधिवेशनका बीचमा उठेका यी छ सातवटा विषयहरू अलि बेस्सरी जस्तो ठाउँ लिए, चाहे सामाजिक सञ्जाल भित्र चाहे सदनभित्र चाहे सदन बाहिर। जता सुकै यी विषयवस्तुहरूले ठाउँ लिएको सहजै अनुभूत गर्न सकिन्छ। र खासगरी यहाँ मैले त्यस्तो चाहेको त थिएन तर विषयवस्तु जस्तो उठिसके पछि खासगरी बजेटको बारेमा, सत्ता समीकरणको बारेमा, सहकारीको बारेमा, बाढी पहिरोको बारेमा यो सदनमा हामीले पर्याप्तै रूपमा बोलेका छौं। हवाई दुर्घटना, सडक दुर्घटनाका बारेमा पनि हामीले श्रद्धाञ्जली दिने, समवेदना दिने यो सदनमा भएको छ ।

र त्यसको साथसाथै सरकारलाई आलोचना गर्ने, सचेत बनाउने एउटा दिशा निर्देशन गर्ने ढङ्गले पनि महत्त्वपूर्ण कामहरू यो बीचमा भएका छन्। एउटा दुःखद्पूर्ण स्थिति खासगरी नेपालको परिवर्तनको प्रक्रिया हामी जहाँ आएका थियौं। यहाँ स्वाभाविक हिसाबले यो सदनमा पनि पेस गरेको

बेलामौका उठिराख्ने साना दल या ठुला दलले मतलब जस्तो चसक्क बिझ्ने गरी उठिराख्ने विषय भनेको एउटा मूलधार अथवा कुनै पार्टी कुनैबेला कहीँ थियो। इतिहासको एउटा कालखण्डमा कहीँ थियो र त्यसलाई ल्याइयो भन्ने जस्ता कुराहरू अथवा मूलधारमा ल्याइयो भन्ने जस्ता कुराहरू अनावश्यक रूपमा उठ्ने पनि गरे त्यो त्यत्ति सकारात्मक जस्तो लाग्दैन किनकि हामी प्रष्ट हुनुपर्छ तथ्यका आधारमा। विज्ञानका आधारमा, नीति सिद्धान्तका आधारमा हामीले विश्लेषण गर्ने व्याख्या गर्ने गर्नुपर्छ। त्यसकारण मलाई के लाग्छ भने मैले आफ्नो धारणा के राख्न चाहन्छु भने आखिरी मूलधार के हो? केलाई मूलधार भनियो? मेरो आफ्नो बुझाइ, मेरो आफ्नो विश्लेषण। यो मूलधार भनेको सार्वभौमसत्ता कसका हातमा छ त्यसले मूलधार निर्धारण गर्छ। इतिहासको कालखण्डमा राणा शासन नै मूलधार थियो। त्यतिखेर लिखित संविधान थियो कि थिएन त्यो आफ्नो ठाउँमा छ। तर सार्वभौमसत्ता राणाहरूको हातमा थियो। त्यो नै मूलधार हो। इतिहासको कुनै कालखण्डमा।

इतिहासको अर्को कुनै कालखण्डमा राजा र पञ्चहरूमा सार्वभौमसत्ता थियो। त्यो नै मूलधार थियो। अर्को कसैले मूलधार त्यहाँ सङ्घर्षका रूपमा अथवा त्यो गर्भमा हुने अलग कुरा हो मूलधार भनेको राजा पञ्च नै पञ्चायत तन्त्र नै मूलधार थियो इतिहासको एउटा कालखण्डमा। २०४६ सालको आन्दोलन पछि मुलुकमा संवैधानिक राजतन्त्र भनेपनि राजासँग सार्वभौमसत्ता थियो। सार्वभौम अधिकार राजासँग थियो। दलहरूदेखिने भएपनि आखिरी अन्ततः मूलधार भनेको संवैधानिक राजतन्त्रको मूलधार थियो। जनयुद्ध र २०६२/०६३ को जनआन्दोलन पछि बनेको नयाँ मूलधार हो। त्यो मूलधार गणतन्त्रको मूलधार हो। त्यो मूलधार भनेको सार्वभौमसत्ता जनतामा भएको सार्वभौमसत्ता जनतामा भएको २०६२ पछि आन्दोलन जो २०७२ को संविधानमा हामीले त्यसलाई synthesize गर्‍यौं, संश्लेषण गर्‍यौं मूलधार त्यो हो। त्यसभन्दा अगाडिको नजरबन्दमा थियो। को साइबेरियामा थिए। को प्रवासमा थिए। को भूमिगत थिए। अथवा को जङ्गलमा थिए। त्यसैले कसैले कसैलाई होच्चयाउने गरी बोल्नु राम्रो कुरा होइन। सबैको मेहनत सबैको साझा सङ्घर्षले नै नयाँ धार बनेको हो। त्यसकारण माओवादीलाई मूलधारमा ल्याइयो जङ्गलमा थिए भन्ने कुरा कसैलाई होच्चाएर बोल्ने कुरा राम्रो कुरा होइन। त्यो संस्कारको हामीले विकास नगरौं।

म विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु किनकि हाम्रो पार्टी जो स्वतन्त्र रूपमा उठेका बालेनहरू अथवा हर्क साम्पाङहरूलाई पनि गणतन्त्रको सुन्दर फूलबारीभित्र फुलेका फूलहरू हुन भन्ने रूपमा हेर्ने पार्टी त्यो दृष्टिकोण भएको पार्टी हो। त्यसकारण मूलधारलाई हामीले यो रूपमा सार्वभौमसत्ता कसका हातमा छ त्यो आधारमा विश्लेषण गर्न जरुरी हुन्छ भन्ने कुरा म राख्न चाहन्छु।

र खासगरी त्यति राख्नुपर्ने मैले आवश्यकता त ठानेको थिएन। तर अहिलेको सामाजिक सञ्जाल, सदन यहीँ पनि कतिपय विषयवस्तुहरू उठ्यो। थोरै म जनयुद्धबारे म यहाँ राख्न चाहन्छु। हो, जनयुद्ध भनेको स्वाभाविक हिसाबले धेरै कम्युनिष्टहरूको कम्युनिष्ट घटकहरूको एकीकृत धारा हो। नेपालमा भएका कम्युनिष्टहरूले गरेका सङ्घर्षहरूको एकीकृत रूपको संविधानमा त्यो सशस्त्र सङ्घर्षका रूपमा उल्लेख छ। संविधान बनाउँदै गर्दा व्याख्यात्मक टिप्पणीमा महान् जनयुद्धकै रूपमा त्यो अङ्कित छ। र त्यो कुनै व्यक्तिहत्या अथवा आतङ्क अथवा हिंसा नकारात्मक ढङ्गले जस्तो हिंसाका रूपमा त्यो कहीं कतै छैन र त्यो रूपमा बुझिनु हुँदैन, पहिलो कुरा जस्तो म यो राख्न चाहन्छु ।

र ऐतिहासिक रुपले हेर्दा हाम्रो नेपाल म ऐतिहासिक ढङ्गले सयौं वर्ष अथवा पचासौं वर्ष सयौं वर्ष अगाडिदेखिको सङ्घर्षको एउटा ऐतिहासिक तथ्यहरू हेर्दा म मात्रै म धेरै पहिला जान चाहन्नँ। हजारौं वर्षको इतिहास केलाउन सकिन्छ। म त्यति धेरै पहिला जान्न, जान चाहन्नँ। राणा शासनका विरुद्ध मैले यहाँ कतिपय विद्वान्, कतिपय इतिहासविद् माननीयहरू यहाँ हुनुहुन्छ तर मेरो जानकारीमा आएको अध्ययनले के भन्छ भने कृष्ण प्रसाद कोइरालाले राणा शासनको जगजगी हुने बेला जतिखेर बेलायतको एलिजाबेथ नेपालमा आउँदा राणाहरूले जुन तडकभडक गरेर, जुन ढङ्गको राज्यको साधन स्रोत उपयोग गरेर, जनताको अवस्था र स्थिति मतलब दयनीय र नाजुक भएको अवस्थामा जुन ढङ्गको तडक भडक देखाए। त्यसलाई प्रतिकात्मक रूपमा विराटनगरबाट च्यातिएको कपडा जो धेरै ठाउँमा टालेको धेरै ठाउँमा पुनेको जुम्रा परेको कपडालाई प्याक गरेर राणा शासनका शासकलाई गिफ्टको रूपमा काठमाडौंमा पठाउँदा कृष्ण प्रसाद कोइराला देश निकाला हुनुपरेको थियो। सायद त्यसैबाट शिक्षा, पाठ सिकेर होला काँग्रेसका नेता संस्थापक नेता विश्वेश्वर प्रसाद कोइरालाले राणाका विरुद्ध हतियार उठाएको कुरा मुक्ति सेना बनाएको कुरा शान्तिपूर्ण ढङ्गले मात्रै अथवा प्रतिकात्मक रूपमा त्यो सङ्घर्षले मात्रै राणा शासन जान्थ्यो, राणा शासन अन्त्य हुन्थ्यो भने उहाँ देश निकाला किन हुनुपर्थ्यो? वि.पी. ले हतियार किन उठाउनु पर्थ्यो होला? हामीले त्यसलाई कसरी बुझ्ने? २०३१ सालमा काँग्रेसका शीर्ष नेताहरूकै निर्देशनमा दुर्गा सुवेदीहरूले २०३१/२०३२ सालमा विराटनगरबाट काठमाडौं आउँदै गरेको हवाइजहाज अपहरण गरेर बिहारको फारबिसगञ्जमा लिनु परेर कब्जा गरेर लिनुपर्ने स्थिति किन पैदा हुन्थ्यो होला? यसलाई हामीले कसरी विश्लेषण गर्नु पर्छ होला? हामीले त यसलाई यसरी बुझ्छौं चाहे त्यो काँग्रेसले गरोस्, २०२८ सालमा त्यतिखेरको पूर्वीय प्रान्त कोशी कमिटिले वान एरिया वान युनिट, वान स्क्वायर वान एक्सन भन्ने एउटा सूत्र बनाएर पञ्चायतका विरुद्ध धावा बोलेको थियो भने त्यसका कमी कमजोरी कहाँ भयो? कहाँ उहाँले

आत्मआलोचना गर्नुभयो? तर पञ्चायतको विरुद्धमा बोलिएको पञ्चायतीतन्त्रको बिरुद्धमा बोलिएको धावा थियो। त्यसले जनतामा एउटा जागरण पैदा गऱ्यो। त्यो विना पञ्चायतको अन्त्य हुन सक्दैनथ्यो। त्यसलाई हामीले आतङ्क अथवा व्यक्तिहत्याका रूपमा मात्र जस्तो बुझ्न हुँदैन। हामीले हाम्रो कुरा हाम्रो आन्दोलन राजनीतिसँग जोडिएको हामीले प्रष्टसँग भनेका छौं। हाम्रो कुरा हाम्रो प्रष्ट उद्देश्य कहीं लुकेको छैन २०४६ सालको आन्दोलनलाई हामीले आन्दोलन पछि भएको सम्झौतालाई हामीले हाम्रो पार्टीले धोका भनेको छ। त्यसपछि बनेको संविधानले एमालेका तत्कालीन एमालेका नेता मदन भण्डारीले सत्ताइस बुँदामा असहमति राखेर त्यो संविधानको समर्थन गर्नुभएको छ। सत्ताइस बुँदा आलोचनात्मक ढङ्गले त्यो संविधानको समर्थन गर्नुभएको छ। २०४८ साल २०४९ सालको आमचुनाव र २०४९ सालको स्थानीय चुनावमा हामीले पनि भाग लिएका छौं।

यो हुँदाहुँदै २०५० साल २०५१ सालमा रोल्पा रुकुम लगायतका ठाउँहरूमा रोमियो अपरेसन चलाएर हेर्नुस् है मार्न सुरु त माओवादीले गरेको होइन। हामीले २०५२ साल फागुन १ गते हामीले कहीं कुरा लुकाएका छैनौं। प्रतिकृयात्मक राज्यसत्तालाई ध्वंश गरौं राज्य जनवादी सत्ता संस्थापना गरौं भन्ने नारा घोषित रूपमा अगाडि सारेका छौं। २०५२ साल फागुन मङ्सिर बाइस गते ज्ञापन पत्र तत्कालीन प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएर हामीले आफ्नो घोषित उद्देश्य कहीं लुकाएका छैनौं। फागुन १ गते हामीले सत्तामा धावा बोलेको हो। हामीले फागुन २१, फागुन १ गतेदेखि १४/१५ गतेसम्म कतै केही भएको छैन। १४ गते १५ गते झण्डै दर्जन मान्छे मारिएका छन् दिलवहादुर रम्तेलदेखि रुकुमको छ जना एकै ठाउँमा खत्री परिवारदेखि जाजरकोटको मानबहादुर ओली र मान बहादुर रावतसम्म आउँदा दर्जन मान्छे एकैचोटी मारिएका छन्। हामीले मान्छे मार्न सुरु गरेका छैनौं। हामीले जनयुद्धलाई राजनीतिक सङ्घर्षकै रूपमा जस्तो व्यक्त गरेका छौं।

२०५७ सालमा हामीले संविधान सभाको कुरा उठाएका छौं। २०५८ सालमा हामीले संविधान सभाको मुद्दा एजेण्डामा सहमत हुँदा त्यतिखेरसम्म यो देशमा कति क्षति भएको थियो? डाटा, तथ्य, तथ्याङ्कले भन्छ। अहिले हिंसा देख्ने बैगुनी मान्छेहरू त्यो संविधासभाको मुद्दा र एजेण्डामा सहमत किन नभएको होला? २०६० सालको दोस्रो वार्ताकालमा पनि त्यही संविधान सभाको मुद्दा र एजेण्डामा किन सहमत नभएको होला? २०६० सालमा दाङको हापुरेमा वार्ता हुँदै गर्दा रामेछापको दोरम्बामा १९ जना निशस्त्र मान्छेहरू निःशस्त्र कार्यकर्ताहरू दिनदहाडै मारिने त्यो के होला? तथ्यले देखाउँछ कि अथवा घटनाक्रमले देखाउँछ। जनयुद्ध कोही लुकी छिपी अथवा उद्देश्य लुकाएर

गरिएको थिएन। त्यो एउटा राजनीतिक आन्दोलन थियो। हामीले त्यसको एउटा देशमा एउटा समानान्तर जनअदालत, समानन्तर जनसेना, पार्टी, सत्ता बनाएर अगाडि बढेका थियौं। अन्ततः आखिरी फेरि त्यही संविधान सभाको मुद्दा एजेण्डा जो २०५७ सालदेखि अप्रत्यक्ष हिसाबले २०५२ सालदेखि र घोषित र प्रत्यक्ष हिसाबले २०५७ सालदेखि व्यवस्थित ढङ्गले उठाएका छौं। पटकपटक वार्ता भएको छ। सहमति भएको छैन। तसर्थ अहिले यसको दोष हो हिंसा शब्द आफैंमा निरपेक्ष रूपमा नराम्रो होइन। तर माओवादी हिंसा, जनयुद्ध, हिंसा यो आतङ्क व्यक्ति हत्या अस्ति कल्पनै नगरेको सोच्दै नसोचेको एकजना माननीयले व्यक्त गर्नुभयो। फलानो पार्टीका २०० मान्छे मारिए। फलानो पार्टीका ४०० मान्छे मारिए। माओवादीका मान्छे होइनन्? थुप्रै मान्छे किन के कारणले मारिए? यो कुरा २०४६ सालको आन्दोलन पछि भएको सम्झौतालाई जसले जुन पार्टीले धोका हो भनेर एकदम declare गरेको थियो र हामीले त्यही कुरा अन्ततः जनयुद्धको बलमा जनआन्दोलन र त्यसपछि भएको स्थितिले एउटा नयाँ स्थिति पैदा गरेको हो। यसर्थ हामीले हो संविधानले सशस्त्र सङ्घर्ष चिन्दछ। त्यसलाई जनयुद्धको भाव हो। त्यसको व्याख्यात्मक टिप्पणीमा महान् जनयुद्ध नै छ।

यसर्थ कसैलाई उत्तेजित गर्ने, कसैलाई मिनिमाइज गर्ने ढङ्गले होइन म यहाँ के राख्न चाहन्छु भने कि सरकार अब यो अधिवेशनको अन्त्यसँगै, यो अधिवेशनको अन्त्यसँगै कम्तिमा म आगामी अधिवेशन सत्रौं अधिवेशन वा सरकारलाई म के सुझाव अथवा के शुभकामना म व्यक्त गर्न चाहन्छु भने कुनै पनि साना पार्टीले अहिले जे विषय जे सवाल उठाइराखेको छ। त्यसरी होइन मुख्यतः संविधानको संशोधन सकारात्मक ढङ्गले गर्ने, संविधानको संशोधन सकारात्मक ढङ्गले गर्ने, अग्रगामी ढङ्गले गर्ने जुन पिंधको वर्गलाई पिंधको मान्छेलाई जस्तो माथि उठाउने गरी किनकी सत्ताको रियल मालिक जनता हुन्छ। जनता बिना सरकार राज्य कहीं कल्पना गर्न सकिदैंन। त्यो राज्य र सरकार भनेको जनताका निम्ति हुनुपर्छ। यो अर्थमा जनतापट्टि फर्किएको जनता उन्मुख भएको गरी संविधान चाहे निर्वाचन प्रणाली चाहे शासकीय स्वरुप चाहे पहिचानको मुद्दा, चाहे अन्य तमाम मुद्दाहरू यी मुद्दाहरूलाई केन्द्रित गरेर संविधान संशोधनको मुद्दामा राष्ट्रिय सहमति गरोस् सरकारले। त्यस्तै सङ्घीयता कार्यान्वयन गर्नेमा राष्ट्रिय सहमति गरोस्। त्यस्तै विकासका मोडेलहरूमा बहस लिने ढङ्गले चलाओस् पछि फर्केर प्रधानमन्त्री जस्तो मान्छेले अथवा राज्यको सर्वोच्च निकायमा बसेका मान्छेले राउण्ड किक हान्ने कुरा अथवा फलानो पार्टीले अब आफ्नो बचाउन सक्छ कि सक्दैन? राष्ट्रिय मान्यता पाउन सक्छ कि सक्दैन भन्ने कुरा के सही कुरा हो? त्यसले के ठिक ठाउँमा लैजान्छ?

लिँदैन तसर्थ यो देशमा भएका मतलब सबै पार्टीहरूलाई प्रोत्साहित गर्ने ढङ्गले मतलब अगाडि बढ्यो विकासको मोडेलमा एउटा बहस होस्। सुशासन र सामाजिक न्यायको मुद्दाहरू जो देशका राष्ट्रका आवश्यकता हुन् यिनी मतलब सरकार बिचलित नहोस्। राजस्व वृद्धि गर्ने, पूँजीगत खर्च बढाउने कुराहरूलाई राष्ट्रिय मुद्दा बनाएर सरकारले बहस गरोस्। उत्पादन वृद्धि गर्ने, रोजगारी सृष्टि गर्ने कुरामा यसलाई राष्ट्रिय मुद्दा बनाएर सरकार अगाडि बढोस्, आजको आवश्यकता यो हो। तसर्थ म यो कुरा राख्दै अन्त्यमा म के भन्न चाहन्छु भने यो सोह्रौं अधिवेशनको अन्त्य अथवा समापन भइरहँदा नजिकै नेपाली जनताका महान् चाडबाडहरू आएका छन्। यी चाडबाडहरूमा आमजनतालाई यही राष्ट्रिय सभाको यो उसबाट म शुभकामना व्यक्त गर्न चाहन्छु। सबैको सफलताको शुभकामना म व्यक्त गर्न चाहन्छु र मेरा भनाइ यही अन्त्य गर्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य कृष्ण बहादुर रोकाय।

(१४:१७ बजे)<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी आज चालु सङ्घीय संसदको अधिवेशन सोह्रौं अधिवेशनको अन्त्यतिर आइरहेका छौं। र यो बैठकका अनुभूतिहरू विभिन्न दलका माननीयज्यूबाट अनुभूतिहरू हामी राखिरहेका छौं र म सर्वप्रथम यो अधिवेशन अन्त्य हुँदै गर्दा हाम्रो अगाडि नेपालीहरूको महान् चाड दशैं, तिहार, छठ लगायतका महत्त्वपूर्ण चाड हाम्रो अगाडि आइरहेका छन्।

म सर्वप्रथम दशैं, तिहार र छठको अवसरमा म सम्माननीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, माननीय सांसदज्यूहरू, हाम्रा मतदाताहरू खासगरी प्रदेशका मतदाताहरू, नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रदेशका माननीयज्यूहरू र यो संसद सचिवालयका महासचिव लगायतका सम्पूर्ण कर्मचारी साथीहरू र देशविदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा म सम्माननीय अध्यक्षमार्फत हाम्रो दलको तर्फबाट, नेपाली काँग्रेसको तर्फबाट, हाम्रो दलको नेताको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सबैलाई म हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्न चाहन्छु कि यो दशैं नेपालीको लागि एउटा खुसी सबै नेपालीहरूको घरमा खुसी छाओस्। एउटा दशैंले हामी नेपालीहरूलाई अगाडि बढ्नको निम्ति एउटा प्रेरणा दिइयोस् यो चाडले भन्ने कुरा पनि म राख्न चाहन्छु। र सँगसँगै आज जाजरकोट रुकुम लगायतका भूकम्प प्रभावित क्षेत्रका भूकम्पपीडित जनताहरू अहिले पनि अस्थायी टहरामा छन्। र उनीहरूको दशैं एक खालको

अहिले दशाकै रूपमा रहनेछ भन्ने कुरा पनि म यहाँ सम्मानित सदनमा राख्न चाहन्छु। र यो सरकारलाई म अनुरोध गर्न चाहन्छु, कमसेकम ती भूकम्प पीडित जनताले त्यो अस्थायी टहरामा भएपनि पहिले त्यो जुन अहिलेसम्म पहिलो किस्ता अहिलेसम्म सबैले प्राप्त गर्न सकिरहेका छैनन्। र अझ छिटो भन्दा छिटो दोस्रो किस्ता दिएर कमसेकम त्यो घाउमा थोरै भए पनि मलमपट्टि लगाउने सरकारले गरोस् भन्ने कुरा म सम्माननीय अध्यक्षमार्फत म यहाँ अनुरोध गर्न चाहन्छु।

र यो अधिवेशनका अनुभूतिका बारेमा यहाँ माननीयज्यूहरूले कुरा राखिसक्नुभएको छ। र यो चालु अधिवेशनमा ४० वटा बैठकहरू बसेका छन्। र जुन बैठकमा प्रतिनिधि सभाबाट पठाएको सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०, त्यस्तै दुवै सदनबाट पारित प्रमाणीकरण हुन बाँकी आज हामीले जुन भर्खरै सहमति दिएका छौं विश्वविद्यालय नेपाल विश्वविद्यालय विधेयक, २०७९ र सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ लाई हामीले आज सहमति दिएका छौं। र प्रमाणित हुन बाँकी छ। र त्यस्तै दुवै सदनबाट पारित भएका केही विधेयकहरू छन्। र यो विधेयकमा महत्त्वपूर्ण विधेयकको रूपमा टीआरसी रहेको छ। र सँगसँगै विधायन व्यवस्थापन समितिले विधायन व्यवस्थापन समितिमा चारवटा उहिले पनि विधेयकहरू विचाराधीन छन्। मिडिया काउन्सिल लगायतका। र अझै यसमा हामीले अपेक्षा गरेका थियौं आशा गरेका थियौं, कि कमसेकम यही अधिवेशनमा यही वर्षे अधिवेशनमा खास गरी यो सङ्घीय शिक्षा ऐन, त्यस्तै निजामती सेवा ऐन र प्रहरीलाई समायोजन गर्न मिल्ने प्रहरी ऐन आउँछ भन्ने हामी सबैले अपेक्षा गरेका थियौं। र यसपटक आउन सकेन म यो कुरा पनि म यस सम्मानित सदनमा राख्न चाहन्छु।

र सँगसँगै सार्वजनिक महत्त्वका प्रस्तावको बारेमा, सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धमा जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमा सभामा छलफल भई सर्वसम्मतिले पास भइसकेको छ। त्यस्तै यस पटकको अधिवेशनबाट हामीले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग हामीले चाहिँ प्रश्नोत्तरको कार्यक्रमहरू सुरुवात भएका छन्। मौखिक रूपमा आठवटा त्यस्ता प्रश्नहरू सोधिए भने अन्य शून्य समयमा हरेक दिन यो शून्य समय हरेक दिन रहने पनि हामीले यही अधिवेशनबाट सुरुवात गरेका छौं। र राष्ट्रिय सभालाई यसलाई अझै एउटा यसको गरिमा बढाउने र यसलाई हामीले चाहिँ तोकेको समयमा आफ्नो चाहिँ सभा आफ्नो चाहिँ बैठक सुरुवात गर्ने हामीले एउटा जुन परम्परा छ यसलाई हामीले यसपटकको अधिवेशनमा पनि हामीले कायम गरेका छौं। र भोलिका दिनमा पनि कायम रहनेछ भन्ने कुरा म यहाँ राख्न चाहन्छु। र अझ त्यो भन्दा महत्त्वपूर्ण कुरा हाम्रा अहिलेसम्म हरेक आर्थिक वर्षमा जुन अर्थ मन्त्रीले आफ्नो बजेट प्रस्तुत गरिसकेपछि त्यहाँ

प्रस्तुत भएका बजेटमा एउटा पनि शब्द तलमाथि हुन्न र जस्ताको त्यस्तै पास गर्नुपर्छ भन्ने जुन खालको अहिलेसम्मको परम्परा थियो। र त्यो दुवै सदनमा बजेट वक्तव्य आइसकेपछि हामीले राष्ट्रिय सभामा हामीले केही बुँदामा संशोधन राख्यौं र त्यो संशोधन सरकारले आएर चाहिँ स्वीकार गरेको छ। र त्यसकारण यो संसदबाट यसपटकको राष्ट्रिय सभाको यो भूमिका बाट यो राष्ट्रिय सभाको भूमिका र राष्ट्रिय सभाको गरिमा अझ बढेको छ भन्ने कुरा मैले चाहिँ अनुभूति भएको कुरा म सम्माननीय अध्यक्षमार्फत यो सम्मानित सदनमा राख्न चाहन्छु।

र यसपछि यही अधिवेशनमा यो मुलुकमा राष्ट्रिय राजनीति पनि राम्रै चर्चामा रह्यो। र जुन खालको मुलुकमा समीकरण थियो जुन खालको सरकार थियो र त्यो समीकरणलाई चेन्ज भएर त्यसको परिवर्तन भएर नयाँ संयोजन बन्यो र त्यसको सरकार बन्यो र त्यो समीकरण आज मुलुकका ठुलो दल नेपाली काँग्रेस र दोस्रो ठुलो दल नेकपा एमाले सहितको राष्ट्रिय सहमतिको उद्देश्य सहितको सरकार निर्धारण भयो। जसको नेतृत्व आज नेकपा ऐमालेका अध्यक्ष के.पी. शर्मा ओलीले गरिराखुभएको छ। र यसमा सकारात्मक र नकारात्मक दुवै ढङ्गले यसका त्यस्ता खालका प्रतिक्रियाहरू आजसम्म आइरहेका छन्। र धेरै मान्छेलाई लागेको छ वास्तवमा यो हुँदै नहुने कुरा आज संसदको ठुलो दल र त्यसपछि त्यसको दोस्रो त्यसपछि रहेको ठुलो दल चाहिँ दोस्रो ठुलो दल मिलेर आज सरकार बनेको छ भन्ने कुरा आज उठेको छ। यसमा थुप्रै आशङ्काहरू पनि मान्छेले व्यक्त गरेका छन्। यसमा नकारात्मक टिप्पणीहरू उठिरहेका छन्। र यसमा सकारात्मक कुराहरू पनि छन्। र यसपछि तपाईंको चाहिँ सरकारको खासगरी सातवटा बुँदामा सहमति निर्माण गरेर राष्ट्रिय सरकारको उद्देश्य सहित यो सरकार निर्माण भएको छ। र यसका सातवटा बुँदाका बारेमा धेरै चर्चा गर्न चाहन्नँ। यसका दुई तीनवटा कुरालाई मात्रै म यहाँ उल्लेख गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, यसमा जुन तपाईंको पटक पटक एक महिना दुई महिनामा चाहिँ सरकार परिवर्तन हुने त्यही सरकारको प्रधानमन्त्रीले छिटो छिटो चाहिँ तपाईंको चाहिँ विश्वासको मत संसदमा लिनुपर्ने जुन अवस्था सिर्जना भयो। यही कुरालाई अन्त्य गर्नको निम्ति मुलुकमा चाहिँ एउटा राजनीतिक स्थिरताको निम्ति हामीले चाहिँ तपाईंको चाहिँ यो सरकार चाहिँ निर्माण भएको हो। यो पहिलो बुँदा पहिलो बुँदा चाहिँ यो चाहिँ यो तपाईंको चाहिँ यो सरकारको मुख्य बुँदा नै यही कुरा हो। राजनीतिक स्थिरता नै हो। त्यसपछि दोस्रो कुरा जुन मुलुकमा जुन एउटा चाहिँ जुन आर्थिक शिथिलता छ। यो आर्थिक शिथिलतालाई चलायमान बनाउने कुरा। यो आर्थिकलाई उसलाई चाहिँ माथि उठाउनको निम्ति यो अर्को उद्देश्य यो सरकारले यो बुँदामा चाहिँ उल्लेख गरेको

छ। र त्यसमा तेस्रो कुरा आज संविधान संशोधन गर्ने कुरा पनि हो। आज यसलाई तपाईंको चाहिँ अप्रष्ट रूपमा चाहिँ तपाईंको जुन ढङ्गले अपारदर्शी ढङ्गले आयो कुरा उठेका छन्। यसलाई चाहिँ हामीले सकारात्मक ढङ्गले विश्लेषण गर्ने हो भने तपाईंको हाम्रो संविधानमा यो कुरा उल्लेख छ कि हामीले हरेक दश वर्षमा संविधानलाई पुनरावलोकन गर्नेछौं भनेका छौं हामीले। त्यसकारण आज संविधानमा आज कहाँ कहाँ के के कुराहरू कमी रहेका छन्? आज हामीले पटक पटक चाहिँ दुई महिना तीन महिनामा सरकार परिवर्तन गर्नुपर्ने अवस्था किन आयो? आज मुलुकको प्रधानमन्त्री दुई महिना, तीन महिनामा, एक महिनामा चाहिँ तपाईंको विश्वासको मत पटक पटक संसदमा लिनुपर्ने परिस्थिति किन निर्माण भयो? भन्दाखेरी केही कुराहरू आज संविधानमा कमजोरी भएका छन्। त्यसकारण आज त्यसलाई अझ सुदृढ गर्ने कुरा त्यसलाई चाहिँ वैज्ञानिक बनाउने कुरा चाहिँ हामीले त्यो कुरा चाहिँ अहिलेको सरकारले यो उद्देश्य बोक्या छ। त्यसकारण म अनुरोध गर्न चाहन्छु कि चाहिँ तपाईंको यसबाट कसैले यसलाई नकारात्मक टिप्पणी गर्नुपर्ने, कसैले चाहिँ यसपालि चाहिँ दुईवटा ठुला दल मिलेको कुरामा आत्तिनु पर्ने म कुरा चाहिँ देख्दिनँ।

त्यसकारण म अनुरोध गर्न चाहन्छु कि हाम्रो चाहिँ निर्वाचन प्रणाली आज जुन खालको मुलुकमा जुन स्थिरता भइराख्या छ, राजनीतिक स्थिरता छैन। यसको निम्ति निर्वाचन प्रणाली बदल्नुपर्छ भन्ने कुरा त आइसक्यो नि त। त्यसकारण आज बहस छ। निर्वाचन प्रणाली बदल्ने हो भने पूर्ण समानुपातिक निर्वाचनमा जाने कि? या प्रत्यक्ष निर्वाचन प्रणाली यो एउटा बहसको विषय होला।

त्यसकारण म अनुरोध के गर्न चाहन्छु त भन्दा आज यो मुलुकको इतिहासलाई हेर्ने हो भने ठुला दलहरू मिल्दा मुलुकलाई फाइदा नै भएको छ। हामी जति जति बेला ठुला दलहरू मिलेर गएका छौं। जति जति बेला हामी राष्ट्रिय सहमतिबाट अगाडि बढेका छौं, त्यतिबेला चाहिँ मुलुकले फाइदा नै लिएको छ। नेपाली जनताले फाइदा नै भएको छ। र जति जति बेला ठुला दलहरू चाहिँ हामी चाहिँ के रे तपाईंको चाहिँ नमिलेर जान्छौं। असहमतिको बीचबाट जान्छौं, दलहरूका बीचमा चाहिँ दूरी चाहिँ बनाएर जान्छौं। त्यसपछि मुलुकलाई घाटा भइरहेको छ। नेपाली जनतालाई घाटा भइरहेको छ। त्यसकारण म अनुरोध गर्न चाहन्छु। हिजो २०४६ सालको आन्दोलनमा नेकपा एमाले के रे नेपाली काँग्रेसको नेतृत्वमा नेपाली काँग्रेसको साथ चाहिँ वाममोर्चा मिलेर चाहिँ हामी अगाडि बढ्यौं यो मुलुकको तीस वर्षको पञ्चायती व्यवस्था अन्त्य गऱ्यौं हामीले। २०६२/०६३ को आन्दोलनमा मुलुक एउटा अक्रान्त स्थितिमा थियो। तपाईंको चाहिँ धेरै अशान्ति भएको थियो। थुप्रै

नेपाली जनताको दाजुभाइले तपाईंको चाहिँ रगत बगाइरहेका थिए। त्यसकारण यो मुलुकको निरङ्कुश राजतन्त्रलाई अन्त्य गर्ने र चाहिँ बाह्र बुँदे समझदारीमार्फत शान्ति प्रक्रियामा चाहिँ माओवादीलाई ल्याउने कुरा चाहिँ जुन सात राजनीतिक दलले नेकपा माओवादी वीच जुन बाह्र बुँदे समझदारी बन्यो। यसले मुलुकलाई फाइदा नै गऱ्यो नि त। त्यति मात्रै होइन आखिर चाहिँ २०६४ सालको निर्वाचनमा तपाईंको चाहिँनी ठुलो दल नेकपा माओवादी आइसकेपछि माओवादीको चाहिँ सरकार बनिसकेपछि किन यो मुलुकमा संविधान बन्न सकेन? फेरि पनि दोस्रो संविधान सभाको निर्वाचन भइसकेपछि जब नेपाली काँग्रेसको नेतृत्वमा सरकार बन्यो। सबैलाई नेपाली काँग्रेसले मिलाएर चाहिँ यही अगाडि बढ्यो र त्यसपछि यो मुलुकमा संविधान निर्माण भयो। र आज हामी संविधान कार्यान्वयनको तहमा छौं। त्यसकारण यो संविधानलाई समृद्ध गर्ने कुरा आज चाहिँ यो संविधानमा भएका कमी कमजोरीलाई तपाईंको चाहिँ यसलाई सच्याउने कुरा। आज मधेसमा भएका समस्याहरू, दलितका, जनजातिका, महिलाका हरेक जहाँ जहाँ समस्याहरू छन्। यो समस्याहरूलाई चाहिँ तपाईंको समृद्ध गर्ने काम फेरि चाहिँ संविधान संशोधनबाट मात्रै हुन्छ। त्यसकारण आज यो अवसर प्राप्त भएको छ। यो अवसरलाई सबैले उपयोग गरौं भन्ने कुरा म आज सम्माननीय अध्यक्षमार्फत म यस सम्मानित सभामा अनुरोध गर्न चाहें।

त्यसकारण आज ठुला दल मिलेर घाटा होइन यो मुलुकमा ठुला दल मिल्दा यो मुलुकमा फाइदा भएको छ। यी कुरामा म जान चाहन्छु। र सँगसँगै यो चाहिँ तपाईंको यसपटकको यो सरकार बनिसकेपछि दुईतीनवटा सकारात्मक संदेशहरू, सकारात्मक चाहिँ तपाईंको चाहिँ त्यस्ता परिणामहरू देखिन थालेका छन्। एकातिर नेपाली जनताले आज राम्रोसँग हेर्याछन अब यो मुलुकमा चाहिँ राजनीतिक स्थिरता हुन्छ। यो सरकार चाहिँ तपाईंको चाहिँ अब स्थिर तरिकाले चाहिँ अगाडि जान्छ र यो मुलुकमा तपाईंको चाहिँ विकास यसरी नै अगाडि बढ्छ भन्ने कुरा एउटा अपेक्षा गरेका छन्। यो सकारात्मक सन्देश गएको छ एकातिर। अर्कोतिर जुन चाहिँ शिथिल भएको राजनीतिक अवस्था छ। त्यो राजनीतिक अवस्थालाई तपाईंको चाहिँ आज एउटा सकारात्मक सन्देश बाहिर गएको छ। आज बजारमा तपाईंको सेयर बजार आज उकालो चाहिँ लागिरहेको छ र यसमा सकारात्मक सन्देश चाहिँ अगाडि बढेको छ, देखिएको छ। त्यसकारण चाहिँ तपाईंको सँगसँगै यो सरकार बनिसकेपछि आज हामीले बाह्र बुँदे समझदारी गरिसकेपछि जुन शान्ति सम्झौता भयो। त्यो शान्ति सम्झौता गर्ने क्रममा हामीले यो चाहिँ तपाईंको चाहिँ टीआरसी विधेयक हामीले कति समयमा चाहिँ हामीले चाहिँ त्यहाँ के रे निर्माण गर्ने भनेर जुन प्रतिबद्धता थियो। त्यो अनुसार के हामीले गर्न

सक्यौं? सकेनौं नि त। त्यसकारण अहिलेको यो सरकार आइसकेपछि यो सरकारले सबैभन्दा पहिले धेरै मान्छेलाई आशङ्का थियो अब नेपाली काँग्रेस, नेकपा एमाले मिले अब टीआरसी तपाईंको चाहिँ एक खालको धरापमा पर्छ भन्ने खालको धेरै मान्छेलाई आशङ्का थियो। त्यसकारण हामीले पहिलो प्राथमिकता जे प्रतिबद्धता हिजो नेपाली काँग्रेसले गरेको थियो। जे प्रतिबद्धता नेकपा एमालेले शान्ति सम्झौता गर्दा गर्या थियो। त्यसकारण हामीले पहिलो priority चाहिँ टीआरसीलाई यो सरकारले राख्यो नेपाली काँग्रेसले यो कुरा राख्यो। नेकपा एमालेले यो कुरा राख्यो र आज टीआरसी चाहिँ राष्ट्रिय एक खालको सहमतिमा चाहिँ आज टीआरसी बनेको छ। भलै यसमा पनि कमी कमजोरी होलान्। आज पीडितलाई न्याय दिने कुरा छन्। त्यहाँ आयोग बन्ने कुरा थुप्रै कुराहरू छन्। तर ती कुराहरूलाई पनि आज प्रतिबद्धता के रे यसलाई पनि छिटो पूरा गर्ने कुरातिर चाहिँ यो सरकारको ध्यान गएको छ भन्ने कुरामा म चाहिँ यो कुरा यहाँ राख्न चाहन्छु। त्यसकारण चाहिँ तपाईंको आज अघि धेरै कुराहरू आएका छन्। हामीले यो अधिवेशनमा भूकम्प पीडितका जनताको बारेमा थुप्रै कुराहरू हामीले उठाएका छौं। मैले अघि फेरि पनि दोहोर्याएर भने मैले यहीं धेरै पटक चाहिँनी यी कुराहरू मैले जनताको बारेमा हामीले कुरा उठायौं र आज यो अधिवेशनको समापन हुँदै गर्दा म सम्माननीय अध्यक्षमार्फत फेरि पनि अवगत गराउन चाहन्छु। यहाँ सरकारका मन्त्री पनि हुनुहुन्छ। त्यसकारण यस पटकको दशैं तिहार लगत्तै यो चिसो अगाडि भूकम्पपीडित जुन जनताहरू छन्। जो मान्छे आज अस्थायी टहरामा बसिरहेका छन्। ति अस्थायी टहरामा बसेका जनताहरू चिसो अगावै उनीहरू चाहिँ पुनर्निर्माणको चाहिँ काम गरेर आफ्नो चाहिँ घरमा बस्ने वातावरण सरकारले निर्माण गर्नेछ भन्ने कुरामा मलाई विश्वास छ कि अहिले सरकारले कार्यविधि त्यो खालको बनाइसकेको छ। बाँकी रहेको जुन चाहिँ तपाईंको चाहिँ रकम चाहिँ दिने कुरा सरकारले प्रतिबद्धता एक खालको गरिसकेको छ र त्यो यो मुलुकको चाहिँ अहिलेको गृह मन्त्री सरकारको गृह मन्त्री आएर यो रोष्टममा आएर त्यो प्रतिबद्धता उहाँले जाहेर गर्नुभा'छ। त्यसकारण हामीलाई विश्वास छ कि चाहिँ तपाईंको चाहिँ भूकम्पपीडित जनताले हामीले चाहिँ समयमा नै उनीहरूले चाहिँ त्यो खालको चाहिँ अनुभूति गर्नेछन् भन्ने कुरा पनि म राख्न चाहन्छु।

र त्यसपछि म अन्त्यमा मैले चाहिँ धेरै कुरा नगरीकन आज अलिकति हाम्रो जुन खालको जुन प्रवृत्ति छ आज आँफू भए ठिक हुने अरु भए बेठिक हुने जुन प्रवृत्ति छ। यसलाई हामीले सुधार्न पर्छ। त्यसकारण मैले जुन हाम्रो अगाडि आइरहेको महान् चाड दशैं छ यसपटकको वडा दशैं यो हामी सबै नेपाली जनतालाई, हामी सबै दलहरूलाई, सबै नेताहरूलाई हामीलाई चाहिँ त्यो खालको

प्रेरणा दियोस् भन्ने खालको भन्ने कुरामा यहाँ कामना गर्न चाहन्छु कि वास्तवमा हामीले चाहिँ एकातिर तपाईंको चाहिँ जिम्मेवार मान्छे हिजो सरकारको नेतृत्व गरिरहेका मान्छेले आज बाहिर गएर चाहिँ तपाईंको चाहिँ हामीले यो मुलुक श्रीलङ्का यो मुलुक चाहिँ श्रीलङ्का हुँदैछ भनेका छौं। यो मुलुक चाहिँ बङ्गलादेश हुँदैछ भन्दै छौं। एक महिना अगाडि श्रीलङ्का बनाउने काम त एक महिना अगाडि नै भयो होला। त्यो निर्माण त एक महिना अगाडि नै त्यो वातावरण बन्यो होला नि त । एक महिना अगाडि पनि त बङ्गलादेश बन्ने वातावरण बनेको थियो होला नि त? यसरी हामीले यस्ता नकारात्मक कुराले चाहिँ हामी चाहिँ तपाईंको मुलुकलाई हामी चाहिँ एउटा जुन ठाउँमा पुऱ्याउन पर्ने हो, त्यो ठाउँमा पुऱ्याउन सक्दैनौं। त्यो जनताको आवश्यकता पूरा गर्न सक्दैनौं।

त्यसकारण अन्त्यमा एउटा सानो कथा राख्न चाहन्छु। एउटा कथा चाहिँ तपाईंहरूलाई सुनाउन चाहन्छु मैले। एउटा सर्प र जुनकिरीको कथा सुनाएर म यहाँबाट चाहिँ बिदा हुन चाहन्छु। सर्पले जुनकिरीलाई एकदमै लखेट्न थालेछ। अनि लखेट्दै लखेट्दै लखेट्दै जाँदा जुनकिरी थाक्यो। अनि जुनकिरी उभियो। र उसले जुनकिरीलाई भन्यो सर्पले यो किन चाहिँ तिमीले चाहिँ मैले चाहिँ यो तिमीलाई मात्र तीनवटा प्रश्न गर्न सक्छ भनेपछि अनि सर्पले चाहिँ सहमति दियो हुन्छ भनेर भन्यो। अनि त्यसपछि जुनकिरीले भन्यो के म तिम्रो चाहिँ खाद्य श्रृङ्खला भित्र पर्दछु भनेर चाहिँ उसले जुनकिरीले सर्पलाई भन्यो। सर्पले भन्यो नाइँ पर्दैन। त्यसपछि उ अर्को कोइसन गऱ्यो उसले चाहिँ। के रे जुनकिरीले चाहिँ सर्पलाई र भन्यो मैले तिम्रो केही बिगारेको छु? नाइँ भन्छ सर्पले। बिगारेको पनि छैन। त्यसो भए चाहिँ तेस्रो उसले चाहिँ प्रश्न गर्छ। त्यसो भए चाहिँ तिमीले मलाई यो निलौला जस्तो किन चाहिँ तिमीले मलाई लखेटिराख्या छौ त भन्दाखेरि मैले तिमीलाई चम्केको देख्नै सक्दिन भनेछ सर्पले। मैले तिमीलाई यो चम्केको देख्नै सक्दिन भन्यो सर्पले। त्यसकारण चाहिँ कतै हामीले चाहिँ राम्रो काम गरेको, अर्काले राम्रो गरेको, राम्रो भएको, त्यो देख्नै नसक्ने कतै प्रवृत्ति त होइन हाम्रो? कतै त्यही प्रवृत्तिले त काम गऱ्या होइन?

त्यसकारण म सम्माननीय अध्यक्षज्यूमार्फत यो सम्माननीय सदनमा म अनुरोध गर्न चाहन्छु। म आग्रह गर्न चाहन्छु कि कमसेकम हाम्रो यो सर्पको जस्तो प्रवृत्ति यदि हामी कसैमा छ भने यो प्रवृत्तिको अन्त्य गरौं र आउने दशैं जुन महान् चाड छ। यो चाडले हामी सबैलाई यही प्रेरणा दिओस् के हामीले मुलुकको निम्ति, जनताको निम्ति हामी चाहिँ एकताबद्ध भएर र एउटा राष्ट्रिय सहमतिका साथ अगाडि बढौं। र चाहिँ एउटा ठुलो अवसर एउटा प्राप्त भएको छ। हामी सबै दलहरू यो सरकारमा आउने। संविधानमा कहाँनिर के कुरा हो ल? ल दलितका कुरा कहाँ अपुग

भयो? जनजातिका कुराहरू कहाँ अपुग भयो? मधेसका कुराहरू कहाँ अपुग भयो? यो कुरालाई चाहिँ एउटा बहस चलाउँ। र चाहिँ तपाईंको यो संविधानलाई हिजो पनि हामीले सहमतिबाट बनाएको संविधान हो। र संशोधन गर्ने जुन कुरा पनि एउटा बहस चलाएर एउटा सहमतिमा संविधान निर्माण के रे संशोधन गरौं भन्ने कुरा म राख्दै र म चाहिँ तपाईंको चाहिँ यो फेरि पनि जुन चाहिँ यो महान् चाड हाम्रो अगाडि आइराखेका जुन चाडपर्वहरू छन्। यसको निम्ति म फेरि पनि सबैलाई सम्माननीय अध्यक्षज्यूमार्फत म सबैलाई हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दै म यहाँबाट बिदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य डा. बेदु राम भुसाल।

(१४:३६ बजे)<u>माननीय डा. बेदु राम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्ष महोदय, २०८१ बैशाख २३ गते सुरु भएको हाम्रो सोह्रौं अधिवेशन आज चालिसौं बैठक बसेर २०८१ भदौं ३१ गते समापन हुँदै छ। सायद दिनको हिसाबले १२५/१२६ दिन जति भयो होला। तर हामीले जम्मा ४० वटा बैठक बस्या छौं। र यो ४० वटा बैठकमा केही राम्रा काम भएका छन्। र मेरो बुझाइमा केही नराम्रा काम पनि भएका छन्। यस सन्दर्भमा म सर्वप्रथम त आज मात्रै हामीले हाम्रो दुईवटा समितिका सभापतिहरूको चयन गरेका छौं। उहाँहरूलाई बधाई दिन चाहन्छु। र उहाँहरूले सफलताका साथ आफ्नो कार्यसम्पादन गर्न सक्नुहोस् भन्ने शुभकामना पनि दिन चाहन्छु। यस अधिवेशनमा हामीले केही नयाँ कामहरूको थालनी गऱ्यौं। विगतको तुलनामा अलिकति बढी विधेयकहरू पारित गऱ्यौं। केही प्रस्तावहरू, नियमित प्रतिवेदनहरू विशेष त्यस्तो महत्त्व हुन्छ जस्तो मलाई लाग्दैन। केही थप प्रस्तावहरू सङ्कल्प प्रस्तावहरू लगायतका केही महत्त्वपूर्ण प्रस्तावहरू पारित गरेका छौं। सँगसँगै तीनवटा काम चाहिँ हामीले नयाँ थाल्यौं भन्ने मलाई लाग्छ। एउटा प्रदेशगत समय भनेर हामीले समय छुट्टाएका छौं र प्रादेशिक हिसाबले हाम्रा प्रदेशका जुन मतदाताहरू छन् हामीलाई निर्वाचित गर्ने र संस्थाहरू पनि छन्। तिनीहरूसँग जोडिएर छलफल गर्ने हिसाबले एउटा नयाँ कामको थालनी गरेका छौं। यो सकारात्मक पक्ष हो भन्ने मलाई लाग्छ।

प्रश्नोत्तर प्रतिनिधि सभामा हुने गरेको थियो। राष्ट्रिय सभामा हामीले गर्ने गरेका थिएनौं। यसपटकदेखि सुरु गरेका छौं। सरकारका मन्त्री, प्रधानमन्त्रीहरूसँग प्रश्नोत्तर गर्ने। यो सकारात्मक पक्ष हो भन्ने मलाई लाग्छ। शून्य समयलाई दैनिक रूपमा प्रयोग गर्ने अर्को नयाँ थालनी त नभनौं तर त्यसलाई समय विस्तार गर्‍यौं। समय थप गर्‍यौं। त्यो पनि राम्रो काम हो। यी केही राम्रा कामहरू यस पटक भए। केही जिम्मेवारीहरू अथवा हाम्रा केही कर्तव्यहरू पूरा गर्‍यौं होला हामीले विधेयकहरू पास गर्ने प्रस्तावहरू पास गर्ने काम गरेर। तर यी अधिवेशनमा केही नकारात्मक व्यवहार पनि हामीले गरेका छौं भन्ने मलाई लाग्छ। पहिलो कुरा त एउटा सरकारको अर्थमन्त्रीले बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने र त्यसपछि सरकार परिवर्तन भएर अर्को मन्त्रीले बजेट ल्याउने सन्दर्भ जुन बन्यो र त्यो सन्दर्भमा जुन खालको अवरोध यहाँ सुरु भयो। त्यो चाहिँ विगतको भन्दा अलि फरक थियो भन्ने मलाई लाग्छ। तत्कालीन प्रतिपक्षमा रहेको दलको तर्फबाट हामीले भन्यौं पनि यो प्रतिनिधि सभाको भन्दा फरक हो राष्ट्रिय सभाको परम्परा।

त्यसकारणले कमसेकम उठेर विरोध गरेपनि रोष्टम घेर्ने काम चाहिँ अहिलेसम्म राष्ट्रिय सभामा भा'छैन। नगरौं कि माननीयज्यू भनेर हामीले अनुरोध पनि गर्‍यौं। तर तत्कालीन प्रतिपक्षमा रहेको दललाई त्यो स्वीकार्य भएन। यद्यपि मभन्दा अगाडि बोल्नु हुने माननीयज्यूहरूले सहमतिको चर्चा बेस्सरी गर्नुभा'छ। सहमति हामीले नै तोड्या छौं। विगतकोभन्दा फरक ढङ्गले हामीले व्यवहार गरेका छौं। त्यसैगरी कन अर्को संसदका समितिहरू दुईवटा सदनमा जुन सोह्रवटा समितिहरू छन्। सोह्रवटा समितिहरू दुवै सदनमा रहेका राजनीतिक दलहरूको बीचमा सहमतिले नै विभाजन गरिएको छ। राष्ट्रिय सभामा आजसम्म प्रतिनिधि सभामा भन्दा पनि फरक ढङ्गले हामीले सहमतिले नै समितिहरूको नेतृत्व चयन गर्ने गरेका थियौं। आजकै दिन हामीले त्यसलाई तोडेका छौं। यद्यपि माननीयज्यूले चर्चा गर्नुहुन्छ। राष्ट्रिय सहमतिको आवश्यकता छ। संविधान संशोधन गर्नुपर्ने छ। सहमति मुलुकले खोजिरहेको छ। दुईटा ठुला दल मिलेर सहमतिको वातावरण बनाउन खोजिरहेका छौं। देशलाई हित गरेका छौं। हित गरेको गरियोस्। दुईदलको मेलले भन्ने कुरा राम्रै गरी व्याख्या गर्नुहुन्छ माननीयज्यूहरूले। तर यसो गरिरहँदा के सत्ता पक्षबाटै सहमति तोडिएन् र? व्यवहारमा चाहिँ सहमति तोडिदै जाने।अनि भाषण चाहिँ सहमतिको गर्ने। यसको के अर्थ रहन्छ र? त्यसकारण मैले चाहिँ यसको कुनै अर्थ जस्तो देख्दिनँ भाषणमा अर्थ रहे जस्तो मलाई लाग्दैन। व्यवहारमा हामी के गर्छौं? भन्ने कुरा ठुलो कुरा हो। व्यवहारमा नै निषेधको राजनीति गर्दै जाने हो भने त्यसले हामीलाई सहमतिमा पुर्‍याउँछ कि विमतिमा पुर्‍याउँछ त्यसपछि कहाँ पुर्‍याउँछ? त्यसपछि कहाँ

पुग्छौं? विगतमा देखिएका कुरा पनि हुन्। भविष्यमा पनि देखिनेछन्। म लामो कुरा गर्न चाहन्नँ यो आज समापनको बेलामा नमिठो कुरा धेरै बहस गर्ने खालको कुरा नउठाउँ भन्ने लाग्या थ्यो तर माननीयज्यूहरूले अलिअलि उद्वेलित गर्नुभयो। त्यसकारणले यति थोरै मात्रै राखें। अब दोस्रो कुरा के गर्न चाहन्छु भने हाम्रा चाडपर्वहरू आउँदैछन्। चाडपर्व अर्को सन्दर्भमा दशैं, तिहार, छठ लगायतका सबै चाडपर्वहरू पछि नै हामी फेरि भेट हुनेछौं अब हामी आज बिदा हुने तरखरमा छौं। र चाडपर्वहरू आउने तरखरमा छन्। यो सन्दर्भमा म सम्माननीय अध्यक्षज्यू लगायत हामी सबै यो सदनका सबै माननीयज्यूहरू र अन्य सबै साथीहरू र सँगसँगै आम नेपाली जनतामा हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, यसरी मैले शुभकामना व्यक्त गरिरहँदा म बाध्य छु। दुःखका कुरा गर्न म बाध्य छु कि आज मुलुकमा जनताको जीवनस्तर कस्तो छ? सरकारको तर्फबाट हामीले धेरै राम्रा कामहरू गरिरहेछौं भन्नुहुन्छ साथीहरू। तर आज महँगी कहाँ पुगेको छ? आयल निगमले नियमित त्यसै मूल्य समायोजन गर्ने क्रममा आज चाहिँ भएको मूल्य कटौतीलाई सरकारले गरेको काम भनेर यहाँ माननीयज्यूले भाषण गर्नुभयो। त्यो त नियमित प्रक्रिया हो। कहिले घट्छ कहिले बढ्छ। त्यसको कुनै अर्थ छैन। तर अरु मूल्य कहाँ पुगेको छ? आज खाद्यान्नको मूल्य कहाँ पुगेको छ? चिनीको मूल्य कति बढेको छ? दालको मूल्य कति बढेको छ? चामलको मूल्य कति बढेको छ? पिठोको मूल्य कति बढेको छ? माननीयज्यूहरूले हिसाब गर्नुभा'छ? दुईचार रुपैयाँ होइन किलोमा २०, २५, ३०, ५० रुपैयाँसम्म मूल्य बढेको छ खाद्यान्नको। अनि जनताले कसरी दशैं, तिहार, छठ कसरी चाडपर्वहरू मनाउँदै छन् त? के सरकारको ध्यान गएको छ? मैले देखिरहेको छैन सरकारको ध्यान गएको। मूल्य नियन्त्रणमा सरकारको ध्यान गएको पटक्कै छैन, देखिँदैन। यसले जनताप्रति सरकार संवेदनशील छैन भन्ने कुरा देखाउँछ। हामी राजनीतिक दलहरूको बीचमा त मतभेद होला सरकार बन्ला भत्केला। यो त भई नै रहेको छ। फेरि पनि हुन्छ। यो कुनै ग्यारेण्टी छ र? अब फेरि भत्किँदैन यो गठबन्धन भत्किँदैन भन्ने कुराको ग्यारेण्टी छ? सरकार बदलिँदैन भन्ने कुराको ग्यारेण्टी छ र? जबसम्म एउटा दलको एकल बहुमत हुँदैन तबसम्म त यो त स्वाभाविक प्रक्रिया हो। यसलाई अनौठो मान्नु पर्ने कुरा नै छैन। तर सरकारले काम चाहिँ के गरिरहेको छ? जनताप्रति सरकारको व्यवहार कस्तो भइरहेको छ? भन्ने कुरा चाहिँ धेरै महत्त्वपूर्ण हो भन्ने मलाई लाग्छ। तर आज महँगीको हिसाबले हेर्ने हो भने जनताको दैनिकीको हिसाबले हेर्ने हो भने दैनिक जनजीवनको

हिसाबले हेर्ने हो भने यो सरकारले केही पनि काम गरेको छैन भनेर भन्नलाई कुनै हिचकिचाहट गर्नु पर्ने अवस्था छैन, पहिलो कुरा।

दोस्रो अहिले यही बागमती उपत्यकामा हामी बसिरहेका छौं। यही ठाउँमा। नदी किनारका हजारौं घरहरू भत्काउने गरी अभियान चल्दै छ। लाखौं नागरिकहरू घरबासबिहीन हुने अवस्था छ। सरकार कहाँ छ? सरकारले के गरिरहेको छ? त्यसको समाधान खोज्नुपर्दैन सरकारले? हामीले पटकपटक यहाँ कुरा उठाएका छौं? किन बोल्दैन सरकार? यही सदनमा पटकपटक कुरा उठेको छ। यो विषयमा सरकारको धारणा के हो? किन बोल्दैन? यत्रा लाखौं नागरिकको जीवनसँग कि त सरकारले त्यसको पुनर्व्यवस्थापन गर्नु पर्‍यो। अर्को ठाउँमा व्यवस्थापन गर्नु पर्‍यो। होइन भने अदालतले फैसला गर्‍यो भन्ने नाममा लाखौं लाख नागरिकको जीवन बर्बाद पार्न पाइन्छ? सकिन्छ? त्यसप्रति सरकारको कुनै पनि जवाफदेहिता देखिएको छैन। त यस्ता कुराहरूका बीचमा हामी चाडपर्व मनाउने भनेर भन्दैछौं। कसरी मनाउँलान् ती जनताहरूले? तपाईं हामी त मनाउँला। यहाँ रहेका छौं। केही हामीलाई सुविधा पनि छ। उपयोग गरौंला, चाडपर्व मनाउँला। तर हाम्रा जनताहरू ती जनताहरू जो खाद्यान्नको आकाशिँदो मूल्य वृद्धिको मारमा परेका छन्। ती जनताहरूले कसरी चाडपर्व मनाउछन्। जो अदालको एउटा सामान्य फैसलाको आधारमा आज लाखौंको सङ्ख्यामा घरबारविहीन हुँदै छन्। सारा तहस नहस हुँदै छ। ती नागरिकहरूले कसरी चाडपर्व मनाउँछन्? यो चाहिँ धेरै गम्भीर विषय हो भन्ने मलाई लाग्छ। यसतर्फ सरकारको ध्यान जाओस् म फेरि पनि अनुरोध गर्न चाहन्छु। भर्खरै भन्नु भयो दुई पार्टी मिलेर सरकार बनाएर फाइदा भा'छ। यसको फाइदा हुनु पर्‍यो नि। जनतालाई फाइदा हुनुपर्‍यो नि। जनतालाई फाइदा गरेर देखायो भने त आलोचना त सुन्ने पर्दैन नि माननीयज्यूहरू। आलोचना नसुन्नको निम्ति जो विषय जनतासँग जोडिएर आएका विषय छन्। ती विषयमा सरकारले राम्रो काम गर्नु सक्नु पर्‍यो। अर्को चोटी हामी करिब करिब मङ्सिर पुसतिर यो सदनमा भेट हौंला। बाहिर त यसै पनि हौंला। मङ्सिर पुसतिर सदनमा भेट हुँदाखेरि यस्ता समस्या नरहेको देख्न पाउँ। यही शुभकामनाका साथ म आफ्नो भनाइ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य मोहम्मद खालिद।

(१४:४८ बजे)**मानननीय श्री मोहम्मद खालिद (जनता समाजवादी पार्टी नेपाल)**:- सम्माननीय अध्यक्षज्यू, आज सौहौं अधिवेशनको अन्तिम दिन। आज हजरत मोहम्मद सल्लल्लाहु अलेही वसल्लमको जन्म दिन पनि हो। सङ्घले र प्रदेशका सरकारकाहरू हो। बिदा पनि दिएको छ। त्यसको लागि म धन्यवाद दिन चाहन्छु। र आउने सबै चाडपर्वमा हामी नेपाली एकअर्कासँग खुसी भातृत्वको साटासाट गरौं। र आउने दिन यो दिन चाडपर्वका दिन हामी सबैको लागि सबै नेपालीको लागि मङ्गलमय होस् भन्ने मैले आशा लिएको छु। खासगरी हाम्रा देशका नेताहरूको लागि होस्। र जुन तिक्तता राजनीतिक वातावरणले यहाँ जन्मिएको छ। यो आउने चाडपर्वमा अलि कम हुन्छ भन्ने मैले आशा लिएको छु। चाडपर्व एकअर्कासँग मिल्ने, खुसी बाँड्ने, दु:ख पनि बाँड्ने, विचार आदानप्रदान गर्ने माध्यमको रूपमा हामी लिन सक्छौं। अहिले जुन राजनीतिक परिवर्तन आएको छ। र पहिला पनि आउँथ्यो। त्यो आफ्नो साथमा अलिअलि खुसी अलिअलि गम, कहीँ खुसी कहीँ गम। खुसी के बाद दुनियाँ में हजारों गम भि होते हैं। कहीं बजती हे सेहनाइ, कहीं मातम भी होते हैं। कहीँ शुभकामनाको आदान प्रदान र कहीँ दु:खको पनि हुन्छ साटासाट। तर यो चाडपर्वको बेला म के भन्न चाहन्छु भने हाम्रा नेताहरूले देशको बारेमा, जनताको बारेमा अवश्य विचार गर्नुहोला। एकअर्कासँग भेट्दा, "ल अब जे भयो, भयो अब हामी जनताको लागि विचार गरौंला।" समृद्धि कसरी आउँछ? देशको विकास कसरी हुन्छ? देश निर्माण कसरी हुन्छ? अधिकारविहीनलाई हामी अधिकार कसरी दिन्छौं? आउ हामी कुरा गरौं। हामी यो तिक्ततालाई जुन अहिलेको राजनीतिक वातावरणमा हामीले आफैं फिंजाएका छौं। त्यसलाई अझ नबढाऔं। हामी यदि एकअर्कासँग राम्ररी संवाद सुरु गर्छौं भने बाटो निस्किन्छ। किन निस्किँदैन? मैले अघि पनि भन्याथैं, "हामीमा क्षमता छ, दक्षता छ, सबै कुरा छ। त्यसको प्रयोग अलि नकारात्मक दिशातिर हुने गर्छ।" त्यसले गर्दा सबै गरौं संवादको बाटो बन्द नगरौं। दुश्मनी लाख सहित सबैलाई पुगोस् सम्माननीय अध्यक्षज्यूको माध्यमबाट "दुश्मनी लाख सही खत्म ना कीजे रिश्ता, दिल मिले या ना मिले हाथ मिलाते रहिए।"

सम्माननीय अध्यक्षज्यू, यो सरकार विभिन्न अभिप्रायले बन्यो। हामी यसलाई सकारात्मक नै लिएका छौं। हाम्रो दलले लिएको छ। त्यसैले हामीले समर्थन पनि गर्या छौं। संविधान संशोधनको पनि कुरा आइराखेको छ। यस बारेमा म सबैभन्दा पहिला यस सम्मानित सदन राष्ट्रिय सभाको बारेमा कुरा गर्छु कि राष्ट्रिय सभालाई अझ प्रभावशाली बनाउनको लागि उचित न्यायोचित संविधान संशोधन हुन्छ भन्ने मैले आशा लिएको छु। राष्ट्रिय सभा आज एउटा symbolic सदनको रूपमा मात्र गठन गरिएको बाहिर आभास हुन्छ। जब कि यो सदनले सुरुदेखि नै सदनको गरिमा बाँकी राखेको

छ। सदनको आश्रम बाँकी राखेको छ। र विभिन्न घटनाक्रमहरू जुन छेउछाउमा भइरहेको थियो। त्यसबाट राष्ट्रिय सभा खासै प्रभावित हुन सकेन। गत वर्ष २०७५ को नियमावली संशोधन गर्दा त्यो समितिमा म पनि थिएँ। हाम्रो माननीय सुरेश आले मगरज्यू उहाँको संयोजक हुनुहुन्थ्यो। हामीले राम्ररी त्यसमा खोजबिन गरेर काम गरेर राष्ट्रिय सभालाई कहाँसम्म हामी प्रभावशाली बनाउन सक्छौं। अहिलेका केही परिवर्तनहरू जुन तपाईंहरू हेर्दै हुनुहुन्छ। यो अहिलेका उपलब्धिहरू अझै यसलाई प्रभावकारी बनाउनको लागि संविधान संशोधनमा राष्ट्रिय सभाका मुद्दा अवश्य आउनुपर्छ, आउँछ भन्ने मैले आशा लिएको छु। अर्को कुरो आज संविधान संशोधनका हामीले धेरै कुरा गरें हामीले २०७२ कै संविधानमा त्यसको धारा ४७ मा हामीले बाचा गरेका थियौं की सबै कानून तीन वर्ष भित्र हामी बनाइसक्छौं। लिपिबद्ध छ। तर करिब करिब एक दशक बितिरहेको छ। के हामी जवाफदेही छैनौं? हाम्रो जिम्मेवारी छैन? ठुला ठुला कुरा गर्ने। राजनीतिक दल आफूलाई ठुला दल भन्ने। र ठुला दल के को लागि ठुला दल? समय भ्याउँदैन भने साना दललाई दिनुहोस् जिम्मा। हामी गरेर दिन्छौं किनभने तपाईंहरूले दर्शाइसक्नु भएछ। र एउटा कुरा म अझ सचेत गराउन चाहन्छु। अनि साना दल साना दल धेरै भन्छौं। थ्रेसहोल्डका कुरा गरिरहेका छौं। दुईवटा ठुला दल, दुई दलको कुरा गरिरहेका छौं। हुन सक्छ चौरासीको जनताको अभिमत अरु कुनै दुई दलको प्रति पनि हुनसक्छ। त्यो कुराबाट हामी यताउती नहौं। त्यो जनमत, त्यो अभिमत हाम्रो विरुद्ध पनि जानसक्छ। त्यो दुईवटा ठुला दल अरु पनि हुन सक्छन्। यो विश्वास राखौं।

कुनै निर्वाचनमा कुनै पार्टीलाई यदि बढी मत आएछ भने त्यसको अर्थ यो छैन अरु हारिसक्या छन्। २०३६ मा काँग्रेस जनमत सङ्ग्रहमा हारेको थियो। तर के वास्तवमा हार्याथ्यो? विचार कहिल्यै पनि हार्दैन। विचार कहिल्यै पनि मर्दैन। हाम्रो दल हामी जस्ता अरु दल जुन परिवर्तनका अग्रगमनको विचार बोकेका छन्। मर्‍या छैनन्। ठिक छ हामीसँग सिट छैन। प्रतिनिधि सभामा सङ्ख्या छैन। जुन सङ्ख्या थियो त्यसलाई सरकार प्रमुखले नै घटाइदियो। यो पनि सायद नेपालमा पहिलो घटना हुन्छ। बाबा यो दल भनेको संवैधानिक अङ्ग हो यो। र देशको संरचनाको एउटा पात्र हो। एउटा अङ्ग हो। अभिन्न अङ्ग हो। र त्यसको संरक्षण सरकार प्रमुखबाट हुनुपर्छ र उहाँबाट नै दल टुक्राउने कुरा आउनु दुर्भाग्यपूर्ण हो। म मलाई लाग्छ आउने दिन यस्ता कुनै पनि सरकार प्रमुखले म हात जोडेर बिन्ती गर्छु किन भने यो पीडा तपाईंहरूले पनि भोग्नुभएछ। अरुले पनि भोग्या छ। यो पीडा कसैले नभोगोस्। जनताको अभिमतलाई हामी अपमान नगरौं। कसैको दल टुक्र्याउनु जनताको अभिमतको अपमान हो। यो हामीले विचार गर्नैपर्छ। हामीले कानुन

नबनाउँदा देशको र जनताको कति को नोक्सानी भयो? सङ्घीयताको कुरा हामीले गऱ्यौं। के सङ्घीयता सम्बन्धी सबै कानुन बनिसक्या छ? आज ठाउँठाउँमा कुरा भइराखेको छ। सङ्घीयता चाहिँदैन। सङ्घीयता विफल भयो। प्रदेशहरूको आवश्यकता छैन। तर हामी विचार गरौं। कतिको यहाँ विधेयक अड्किरहेको छ। कति आउन बाँकी छ। कति बनेको छैन। अनि सङ्घीयता विफल भयो रे। सङ्घीयता चाहिँदैन। खर्चिलो भयो। झन्झटिलो भयो। यो भन्न मिल्यो त? यो भन्न मिलेन।

अनि एउटा अर्को प्रसङ्गतिर म सम्माननीय अध्यक्षज्यूको तर्फबाट म सदनको ध्यान आकर्षण गराउन चाहन्छु। आज भर्खरै मुस्लिम आयोगको प्रतिवेदन यहाँ प्रस्तुत गरिएको छ। यो नेपालको सबैभन्दा म मुस्लिम छु त्यसले गर्दा मैले यो कुरा राखिरहेको छैन। म एउटा नेपालीको हैसियतले। म यो कुरा मैले यो कुरा राखेको हुँ किनभने म मधेस प्रदेशबाट निर्वाचित भएर आएको र त्यहाँको जनसङ्ख्याको १३% यो समुदाय पनि हो। यस समुदायले संविधानको मौलिक अधिकार र राज्यका निर्देशक सिद्धान्तबाट धेरै आशा लिएका थिए। अहिले पनि आशा छ छैन भन्ने छैन। राज्यसँग आशा नगर्ने भन्ने कोसँग गर्ने? तर कुरा के छ भने राज्य धेरै उदासीन देखियो। र म के कुरा भन्न चाहन्छु भने जसको लागि हामीले आन्दोलन गऱ्यौं। जसको लागि बलिदानी दियौं। जसको लागि सहादत हामीले प्रदान गर्यौं। जसका लागि हामी सहिद भयौं। घाइते भयौं। प्रदेशका संरचनाहरू बन्यो। उनीहरूले हामीलाई सबैभन्दा बढी बिर्सिए। उहाँको नीति आयोगमा हाम्रो लागि समय छैन। कलमको सियाहिक सुकिसके, लेख्ने रुचि छैन। कुरा गर्न पनि रुचि छैन उहाँहरूलाई।

म सम्माननीय अध्यक्षज्यूमार्फत प्रदेशका सरकारहरूलाई पनि ध्यानाकर्षण गराउन चाहन्छु। सङ्घले यो दे, त्यो दे र तिमीले तपाईंले केही न दिने? तपाईंले केही नगर्ने? आज अधिकार दिने कुरा भइरहेको छ। सम्माननीय अध्यक्षज्यू, यस्तो सायद यो देशमा पहिला कहिले पनि भएको छैन। दिएको अधिकार खोसेको, दिएको अधिकार खोसेको। हामीले मधेसको, मधेस आन्दोलनको बलमा केही आरक्षण पाएका थियौं। मुस्लिम समुदाय अरु कानुन नियम नबन्दा आफूलाई मधेसी प्रमाणित गराएर लोकसेवाको आरक्षणको फाइदा लिइरहेको थियो। तर मधेसी आयोगले मिति २०७९ श्रावण ३ गतेको द्वितीयक तथ्याङ्कमा आधारित भएर नेपाली मुस्लिमलाई मधेसीको सूचीबाट हटायो। आज के अवस्था छ? थाहा छ हजुरहरूलाई? आज अवस्था यो छ कि लोक सेवामा फारम भर्दा मुस्लिम समुदायका युवा अनुभवी युवा, दक्ष युवा जब जान्छ सीडीओ अफिसमा जिल्ला प्रशासन कार्यालयमा मलाई मुस्लिम प्रमाणित गरेर त्यहीं मुस्लिम छैन। तिमी मधेसी होइनौ। मुस्लिम प्रमाणित गर्दा फाइदा छैन किनभने लोक सेवाको फारममा मुस्लिम अङ्कित छैन, यहाँ विधेयक पास भएको छैन।

भन्दाखेरि हामीले दिएका अधिकार पनि खोसेका छौं। यो कुनै समुदायसँग भएको छ? यस्ता घटना भएको छ? सम्माननीय प्रधानमन्त्री यहाँ हुँदा सम्माननीय अध्यक्षज्यू, मैले प्रश्न गर्याथिए बैकल्पिक केहीं व्यवस्था गर्नुस् तर उहाँले सुन्नुभएन। जवाफ पनि दिनुभएन। मलाई लाग्छ यसमा पनि जवाफ दिनेमा पनि वर्गीकरण हुन्छ कि? फलानो माननीयले बोल्छ भने अनि जवाफ दिने। फलानोले बोल्छ भने जवाफ नदिने। यो पनि वर्गीकरण छ कि? राजनीतिक दलको यहाँ वर्गीकरण छ। मैले यो नराम्रो अनुभव गर्याछु। मैले गरेको प्रश्नको धेरै चोटी उत्तर पाएको छैन सम्माननीय अध्यक्षज्यू। मलाई दुःख लागेको छ। मैले लिखित प्रश्नसम्म गरेको मैले जवाफ पाएको छैन। किन यस्तो छ त? योजनाहरूको सम्बन्धमा मैले नामै किटान गरेर फलानो फलानो फलानो फलानो माननीयज्यूले योजना दिँदा यहाँ एकदम तपाईंहरू त कानुन निर्माणको लागि हुनुहुन्छ। अरुहरू दलको नेता सांसद के को लागि हुनुहुन्छ? हामी मात्र कानुन निर्माणको लागि छौं? नीति निर्माणको लागि छौं? यहीं छ भने सबै जिम्मा हामीलाई दिनुहोस् हामी गरेर देखाउँछौं। मलाई लाग्छ कि अब आउने चौमासिकमा यदि योजनामा पुनरावलोकन हुन्छ भने यस्ता माननीयहरूको मानको पनि सम्बोधन हुन्छ भन्ने मैले आशा लिएको छु। र यो आउने दिन हामी सबैको लागि सुखमय, मङ्गलमय हुनेछन् भनेर आउने दिन समृद्धि, विकास, सुशासन, भ्रष्टाचारमुक्त र भातृत्वको दिन हुनेछ र हामी एउटा उदाहरणीय समाजको परिकल्पना गरेर त्यसको निर्माणतर्फ हामी अग्रसर हुन्छौं भन्ने आशा लिएर म बिदा हुन्छु। धन्यवाद।

<u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य शेखर कुमार सिंह।

(१५:०६ बजे) <u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज सोह्रौं अधिवेशनमा हामी अन्तिम चालिसौं बैठकमा छौं। दुर्भाग्यवस मैले यो अधिवेशनको एघारवटा बैठक छोड्नुपर्या थ्यो। र तपाईंहरू सम्मान मलाई बिदा दिनुभयो त्यसको लागि धन्यवाद छ। सबैभन्दा पहिला यो बैठक अन्त्यसँगै सबै चाडपर्व आउन लाग्याछ। यो चाडपर्वको बेलामा सम्माननीय अध्यक्षज्यू लगायत हाम्रा माननीय साथिहरू र नेपाल सरकारका पनि प्रतिनिधिज्यू मन्त्रीज्यूहरू हुनुहुन्छ। उहाँहरू लगायत नेपाल सरकार एवम् महासचिव लगायत हाम्रा सदन सचिवालयका साथीहरूलाई पनि आउने दशैं सुखद् बनोस् भन्ने शुभकामना दिन चाहन्छु।

सम्माननीयज्यू, यो बेलामा हामीले केही कुरा भन्नै पर्छ। यसपालि मधेसका आठैवटा जिल्लामा खोलाहरूले साह्रै ताण्डवै मच्चाएको छ। यो प्रकृतिको देन हो। ता पनि मैले नेपाल सरकारसँग आग्रह गर्न चाहन्छु। यो त्यसमा ध्यान दिने नै भा'छ। अझ ध्यान दिएर सुव्यवस्थित गरिदिनुहुन्छ कि भन्ने आशा पनि मैले राख्याछु। यो सदनमा हामी धेरै राम्रा कुराहरू पनि गर्न सक्या छौं। नगरेको होइन त्यो हामी सम्झौं। र गर्या कुराहरू हामी स्वीकार्दै यसरी आउने सत्रौं सदनका बैठकहरूमा पनि हामी सदुपयोग गर्दै जानेछौं भन्ने मैले आशा राख्या छु। यो आठै जिल्लामा भएका बाढीबाट प्रभावित जनताहरूले सम्माननीयज्यूमार्फत नेपाल सरकारका मन्त्रीज्यूमार्फत मैले नेपाल सरकारलाई आग्रह गर्न चाहन्छु। एउटा विशेष टोली खटाई जहाँ खाद्यान्नको सङ्कट हुने अवस्था छ त्यहाँ खाद्यान्नको लागि विशेष प्याकेजको व्यवस्था गरियोस्।

सँगसँगै नेपाल सरकारका वरिष्ठ मन्त्रीज्यू हुनुहुन्छ हाम्रो सामु दुईदुई जना। उहाँहरूले पक्कै यो दशैंको बेलामा कुनै पनि बाटोहरू अवरुद्ध नहुन दिनुहोला भन्ने पनि आशा राख्या छु। प्रकृतिलाई त कसले रोक्न सक्छ र? प्रकृति बाहेकको कुरामा मैले उहाँहरूसँग विश्वास राख्याछु। उहाँहरूले पक्कै त्यस्तो विध्वंशकारी काम नहुन दिनुहुन्छ भन्ने मैले आश गर्दछु। सँगै आज कै दिन हामी दुईदुई जना राष्ट्रिय सभामा रिक्त रहेका सभापति पनि चयन गर्याछौं। उहाँहरूको पनि सफल कार्यकालको लागि शुभकामना र बधाई दिन चाहन्छु। हामी जति सम्झिए पनि थोर हुन्छ। हामीले आफ्ना कुराहरू राख्दै अब धेरै लामो नबोलौं आजको दिनमा कुनै दिन बोल्याथ्यो। मित्रहरूले रिसाएर गाली पनि गर्नुहुन्छ। त्यसै कारणले हामीले अगाडि आगामीका दिनहरू सुखद् होस् भन्दै र यो प्रदेशमा पनि हामीलाई सबै प्रदेशका सातैवटा प्रदेशमा सुखाका दिनहरू पनि छाओस् भन्ने कामना राख्दै म आफ्नो दुई शब्द यहीँ अन्त्य गर्छु। जय मधेस।

(१५:१० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब चालु सोह्रौं अधिवेशन अवधिमा राष्ट्रिय सभाबाट सम्पादन गरिएका मुख्य-मुख्य काम कारवाहीको सङ्क्षिप्त विवरण सभासमक्ष जानकारी गराउँछु।

माननीय सदस्यहरू, संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक सम्वत् २०८१ साल बैशाख २८ गते शुक्रबार अपराह्न २:०० बजे प्रारम्भ भई २०८१ साल भदौ ३१ गते सोमबारसम्म जम्मा १३० दिन चालु रह्यो। यस अवधिमा ४० वटा बैठक बसी जम्मा ७३ घण्टा ५५ मिनेट सभाको काममा व्यतित भयो।

यस अधिवेशन अवधिमा १७ वटा बैठकमा शून्य समय रहेको थियो। उक्त शून्य समयमा ४४ जना माननीय सदस्यहरूले २ घण्टा २ मिनेट समय उपयोग गर्नुभएको थियो भने १६ वटा बैठकमा विशेष समय रहेको थियो। विशेष समयमा ५२ जना माननीय सदस्यहरूले २१ घण्टा ५६ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अधिवेशनका एउटा बैठकमा प्रादेशिक सरोकार समय रहेको थियो। प्रादेशिक सरोकार समयमा ११ जना माननीय सदस्यहरूले १ घण्टा २६ मिनेट समय उपयोग गर्नुभएको थियो। यस अधिवेशनको ५ वटा बैठकमा आकस्मिक समय रहेको थियो। आकस्मिक समयमा १२ जना माननीय सदस्यहरूले ४७ मिनेट समय उपयोग गर्नुभएको थियो।

यसै अधिवेशन अवधिमा सभाबाट चार पटक देहाय बमोजिमका विषयमा रुलिङ्ग भएको थियोः

सभाको बैठकमा माननीय सदस्यहरूले आकस्मिक समय, शून्य समय, विशेष समय र प्रादेशिक सरोकारको समयमा नागरिक सरोकारका विषय र समस्याका सम्बन्धमा विषयहरू उठान गर्ने र नेपाल सरकारका सम्बन्धित मन्त्रीहरूको जवाफ आउनुपर्ने विषय राखिरहनुभएको छ। सभाको नियमावलीमा यस्ता विषयहरूको जवाफ सम्बन्धित मन्त्रीले तोकिएको समयमा दिनुपर्ने व्यवस्थासमेत गरेको छ र सम्बन्धित मन्त्रीहरूले जवाफ दिने तालिकासमेत सचिवालयले सम्बन्धित मन्त्रालयमा पठाइएको छ। तर यस्ता जल्दा बल्दा विषयको तोकिएको समयमा सभामा उपस्थित भई जवाफ दिने अभ्यास त्यति प्रभावकारी हुन सकेको छैन। म नेपाल सरकार र सम्बन्धित मन्त्रीहरूलाई सभामा उठेका विषयको समयमै जानकारी लिई तोकिएकै समयमा सभामा जवाफ दिनुहुन गम्भीर ध्यानाकर्षण गराई यसै विषयमा सभाबाट तीन पटक रुलिङ्ग भएको थियो।

"कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन सम्बन्धी प्रतिवेदन, २०८१ का सम्बन्धमा माननीय सदस्यहरूले छलफलमा उठाएका विषयहरू र सो सम्बन्धमा माननीय मन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नुभएका विचार समेतका आधारमा प्रतिवेदनमा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न नेपाल सरकारलाई रुलिङ्ग भएको थियो"।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८१ जेठ १ गते मङ्गलबार सम्बोधन गर्नुभएको थियो। उक्त सम्बोधनका लागि सभाले धन्यवादको प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको थियो।

यस अवधिमा आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम र आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सभामा छलफल भएको थियो।

यस अधिवेशन अवधिमा राष्ट्रिय सभामा दर्ता भएका मिडिया काउन्सिल विधेयक, २०८०, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी विधेयक, २०८१, तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक, २०८१ र नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइएको छ भने सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८० लाई पारित गरी प्रतिनिधि सभामा पठाएको छ ।

यस चालु अधिवेशनमा लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने, २०८१ स्वीकृत भएको थियो। सोही अध्यादेशलाई प्रतिस्थापन गर्न प्रतिनिधि सभामा उत्पति भएको "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१" दुवै सभाबाट पारित भई प्रमाणीकरण समेत भएको छ।

यसैगरी यसै अधिवेशन अवधिमा नेपाल विश्वविद्यालय विधेयक, २०७९ र सार्वजनिक सेवा प्रसारण विधेयक, २०७७ दुवै सभाबाट पारित भई प्रमाणीकरणको चरणमा रहेको छ भने अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, २०७७, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७, सुरक्षण मुद्रण सम्बन्धी विधेयक, २०७७, बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९, विनियोजन विधेयक, २०८१, आर्थिक विधेयक, २०८१, राष्ट्र ऋण उठाउने विधेयक, २०८१ र भन्सार महसुल विधेयक, २०८१ दुवै सभाबाट पारित भई प्रमाणीकरण भएका छन्।

माननीय सदस्यहरू, सरकारलाई सदनप्रति जवाफदेही तुल्याउने महत्त्वपूर्ण औजारको रूपमा रहेको प्रश्नोत्तर कार्यक्रम संघीय संसद स्थापना पश्चात् राष्ट्रिय सभामा पहिलो पटक यसै अधिवेशनमा सुरु भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित एउटा लिखित प्रश्न र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, खानेपानी मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय र अर्थ मन्त्रालयसँग सम्बन्धित ८ वटा मौखिक प्रश्नोत्तर सभामा सञ्चालन भएको छ । हप्तामा तोकिएको बारमा मात्र रहने गरेको शून्य समय मिति २०८१ साउन ३१ गते पश्चातको सदनका प्रत्येक बैठकमा शून्य समय रहने गरी अभ्यासको थालनी भएको छ ।आकस्मिक समय,

शून्य समय र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमा सम्बन्धित मन्त्रीले सभामा उपस्थित भई जवाफ दिने अभ्यास प्रारम्भ भएको छ।

यसै अवधिमा माननीय सदस्य सोनाम गेल्जेन शेर्पा प्रस्तावक र ७ जना माननीय सदस्यहरू समर्थक भई दर्ता भएको सवारी दुर्घटना न्यूनीकरण गर्ने सम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्तावमाथि सभामा छलफल भई सर्वसम्मतिले स्वीकृत भएको थियो ।

माननीय सदस्यहरू, यसै अवधिमा नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश सदन समक्ष पेस भएको थियो।

यसै अधिवेशन अवधिमा सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको "कर्णाली प्रदेशका भूकम्प प्रभावित जिल्लाहरूको स्थलगत अध्ययन, अवलोकन तथा अनुगमन सम्बन्धी प्रतिवेदन, २०८१" सभामा पेस भई उक्त प्रतिवेदनहरूमाथि सभामा छलफल गरी प्रतिवेदनले औंल्याएका सुझाव कार्यान्वयन गर्न नेपाल सरकारलाई सभाबाट निर्देशन समेत भएको थियो। साथै विधायन व्यवस्थापन समितिको वार्षिक प्रतिवेदन, २०८०/८१, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको पाँचौ वार्षिक प्रतिवेदन, २०८०/८१, विकास आर्थिक मामिला तथा सुशासन समितिको आर्थिक वर्ष ०८०/०८१को वार्षिक प्रतिवेदन र संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सभामा पेस भएका थिए ।

यस अधिवेशन अवधिमा आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण सभामा पेस भएको थियो भने संवैधानिक व्यवस्था अनुसार देहाय बमोजिमका संवैधानिक निकायका वार्षिक प्रतिवेदनहरू सभामा पेस भएका थिए:

१. नेपालको संविधानको धारा ५३ बमोजिमको नेपाल सरकारको वार्षिक प्रतिवेदन, २०७९/८०,

२. राष्ट्रिय मानव अधिकार आयोगको २३ औं वार्षिक प्रतिवेदन, २०७९/८०,

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन २०७९/८०,

४. थारू आयोगको पाँचौ वार्षिक प्रतिवेदन, २०७९/८०,

५.  महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदन, २०८१,

६.  राष्ट्रिय समावेशी आयोगको पाँचौ वार्षिक प्रतिवेदन, २०७९/८०,

७.  आदिवासी जनजाति आयोगको चौथो वार्षिक प्रतिवेदन, २०७९/८०,

८.  महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, २०७९/८०

९.  मुस्लिम आयोगको वार्षिक प्रतिवेदन, २०७९/८०।

यस अधिवेशन अवधिमा राष्ट्रिय सभाका पूर्वसदस्य खगेन्द्रराज रेग्मी, संविधान सभा सदस्य सूर्यमान गुरुङ र प्रतिनिधि सभाका पूर्वसदस्य शैयद मेहराज अहमद शाहको निधन भएकोमा सभाले शोक प्रस्ताव पारित गरेको थियो।

माननीय सदस्यहरू, यस अधिवेशन अवधिमा राष्ट्रिय सभाका नवनिर्वाचित सदस्यहरूका लागि संसदीय अभ्यास, प्रक्रियाको जानकारी एवं प्रभावकारी भूमिकासम्बन्धी अभिमुखीकरण कार्यक्रम, राष्ट्रिय सभामा महिला माननीय सदस्यहरूको प्रभावकारी भूमिका विषयक अन्तरक्रिया, संघीय संसद राष्ट्रिय सभाका पदाधिकारी र सञ्चारकर्मीहरूबीच अन्तरक्रिया एवम् सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धि कार्यक्रम तथा राष्ट्रिय सभाको प्रश्नोत्तरको प्रभावकारी व्यवस्थापनसम्बन्धी अन्तरसम्वाद कार्यक्रमहरू सञ्चालन भएका थिए ।

निरन्तर सुधारको अभियान अन्तर्गत सभाको भौतिक पूर्वाधारका अवस्थालाई समेत आवश्यकता अनुसार सुधार गरिँदै लगिएको छ। समय व्यवस्थापनलाई सहज र व्यवस्थित बनाउन वक्ताले समेत देख्ने गरी टाइमरको सुरुवात भएको छ। सभाहलको रोष्टम लगायतका विभिन्न स्थानहरूको आवश्यक भौतिक सुधार समेत सम्पन्न गरिएको छ। भएका कामकारवाहीको अभिलेख चुस्त र समयवद्ध बनाउन सचिवालयलाई निरन्तर निर्देशन दिइँदै आएको र सचिवालयले समेत सो बमोजिम गर्दै आएको छ ।

प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व सहित व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलतालाई संवोधन गर्न नेपालको संविधानले राष्ट्रिय सभाको व्यवस्था गरेको छ। स्थायी प्रकृतिको यो सभा उत्पीडित जातजाति, अल्पसङ्ख्यक समुदाय, उत्पीडित क्षेत्र लगायत सीमान्तकृत, लोपोन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागिता गराई समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि संविधानमा व्यवस्था भए बमोजिम यस व्यवस्थालाई अझ सुदृढ, व्यवस्थित गर्न राष्ट्रिय सभाको भूमिका अपरिहार्य छ। जनताको लामो सङ्घर्ष तथा

वलिदानबाट निर्मित संविधानको कार्यान्वयन, प्राप्त उपलब्धिहरूको रक्षा र संविधानले सुनिश्चित गरेका अधिकारहरूको रक्षा गर्दै संविधानको कार्यान्वयन गर्नको लागि यस सभाले अग्रणी भूमिका निर्वाह गर्ने कुरामा म विश्वस्त छु। समयको महत्त्वलाई उच्च प्राथमिकता दिँदै समयवद्ध रूपमा आफ्ना कामकारवाही सञ्चालन गर्दै आइरहेको छ। सभाका गतिविधिलाई रचनात्मक र उपलब्धिमूलक बनाउन सरोकारवाला पक्षसँग निरन्तर बहस र छलफल गरिदैं आएको छ । सभाले विगतदेखि नै स्थापित गर्दै आएको सहमतीय संस्कृतिलाई अझ उच्च बनाउँदै सभामा प्रवेश हुन सक्ने सम्भावित विमतिका विषयवस्तुहरूलाई औपचारिक र अनौपचारिक छलफलमार्फत सहमतिमै निष्कर्षमा पुऱ्याउने गरिएको छ ।साथै सभाले संविधान र कानुनको सीमाभित्र रहेर आफ्नो भूमिका प्रभावकारी बनाउने विषयमा निरन्तर पहल गर्दै आइरहेको छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको कामकारवाहीलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र सभाबाट केही उदाहरणीय कार्य सफलताका साथ सम्पन्न हुनमा माननीय उपाध्यक्ष लगायत सम्पूर्ण माननीय सदस्यहरू, राष्ट्रिय सभा अन्तर्गतका विषयगत समितिहरू र सिङ्गो संघीय संसद सचिवालयले खेलेको भूमिका र नेपाल सरकारको सहयोगको लागि सभाको तर्फबाट धन्यवाद दिन चाहन्छु। साथै राष्ट्रिय सभाको प्रभावकारिता अभिवृद्धिका लागि सञ्चार माध्यमको सहयोग र सभाप्रति नागरिक समाज र आम जनताको विश्वास र भरोसाका लागि समेत धन्यवाद दिन गर्न चाहन्छु।

सभा सञ्चालन तथा व्यवस्थापन र यसको प्रभावकारिता अभिवृद्धिमा माननीय सदस्यहरूको मेहनत, संघीय संसद सचिवालयको भूमिका र नेपाल सरकारको सहयोग अहम् रहने हुँदा आगामी दिनमा सभाको गरिमा अभिवृद्धिमा अझ महत्त्वपूर्ण भूमिका निर्वाह हुनेमा पनि विश्वास व्यक्त गर्दछु।

माननीय सदस्यहरू, अन्त्यमा नेपालीहरूको घर आँगनमा आउँदै गरेका चाडपर्वहरू वडा दशैं, तिहार, छठ पर्व, नेपाल सम्वत्, इद लगायत सबै जातजातिका साँस्कृतिक पर्वहरूको उपलक्ष्यमा स्वदेश र विदेशमा रहनुहुने सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाईहरूमा सुस्वास्थ्य, दीर्घायु र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय राष्ट्रपतिबाट चालु सोह्रौं अधिवेशन अन्त्यसम्बन्धी पत्र प्राप्त हुन आएको छ । अब म, उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रीपरिषद्को मिति २०८१/०५/३० को सिफारिसमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८१ साल भदौ ३१ गते सोमबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु।

(राम चन्द्र पौडेल)
राष्ट्रपति
२०८१ भदौ ३१

माननीय सदस्यहरू, राष्ट्रिय सभाको चालु सोह्रौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुनेगरी यो बैठक अन्त्य भएको घोषणा गर्दछु। धन्यवाद।

(तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको चालु सोह्रौं अधिवेशन आजै राती १२:०० बजेबाट स्वतः अन्त्य हुने गरी बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।)

**स्थगितः १५:१८ बजे ।**